का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ माघ २०८०,
बिहीबार
18 January 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३४४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# कुशासनमा मेलमिलाप

टेरामक्सको विषय अगाडि नबढ्ने गरी रोकिन खोजेको छ । पूर्वप्रधानमन्त्री माधव नेपाल र बाबुराम भट्टराई, एमाले नेता विष्णु पौडेल जोडिएको ललिता निवास प्रकरण निष्कर्षमा पुगेन । नक्कली भुटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री थुनामा पुगेपनि आरोप लागेका सबैसँग बयान लिइएन । पशुपतिमा सुनको जलहरी चढाउँदाको विषय गुपचुपमै रह्यो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ माघ ।



पछिल्लो समय नेपाली राजनीतिमा टेरामक्स प्रकरणमाथिको छलफल चलिरहेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले अर्बौं खर्च गरेर खरिद गरेको टेरामक्स प्रविधिलाई प्रयोग गर्नुपर्ने र नदिनुपर्ने बहस विगतमा थियो । तर, प्रविधि खरिद भइसकेको अवस्थामा आवश्यक कानुन नै नबनय किन खरिद गरियो भन्ने प्रश्नसँगै अनियमितताको आशंका भएको हो । अनियमितताको आशंका गर्दै छानबिन गर्न संसदको सार्वजनक लेखा समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई भनेको छ ।

अख्तियारले छानबिन गरेर पूर्वमन्त्री र कर्मचारीहरुको संलग्नतामा प्रविधि खरिद भएको निचोड निकालेको अधिकारीहरुको दाबी छ । तर, यो अनियमितताको आशंकामाथिको अनुसन्धान अदालत नपुऱ्याउन ठूला राजनीतिक दलहरु राज्य संयन्त्र सहमत भएको कतिपयको दाबी छ । यस्तो सहमति हुनुको पछाडि हरेक जसो राजनीतिक दलका वा निकटका व्यक्ति भ्रष्टाचारमा मुछिने र कर्मचारी तन्त्रको समेत संलग्नता पुष्टि हुने कारणहरु रहेको अख्तियार स्रोतको दाबी छ ।

अख्तियार स्रोतका अनुसार टेरामक्स प्रविधि सरकारी कार्यालयमा थन्क्याएर राखिएको छ । यो प्रविधि जडान गर्नुको साटो अख्तियारको विस्तृत छानबिन सरकारले समेत पर्खिएको छ । अख्तियार स्रोतका अनुसार टेरामक्स प्रविधि खरिदसँग जोडिएका अधिकांश पूर्व मन्त्री र कर्मचारीसँग एक चरणको बयान लिने काम सकिएको छ ।

टेरामक्स प्रविधि खरिदमा हालका स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेत, मुख्यसचिव बैकुण्ठप्रसाद अर्याल, संघीय मामिला तथा सामान्य प्रशासनसचिव विनोदप्रकाश सिंह, खरिद सम्झौता हुँदाका सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्की लगायत संलग्न छन् टेरामक्स प्रविधि खरिद प्रक्रिया अगाडि बढाउँदा हालका स्वास्थ्यमन्त्री बस्नेत सञ्चारमन्त्रीको भूमिकामा रहेका थिए । त्यो बेला सञ्चार सचिवको भूमिकामा महेन्द्रमान गुरुङ र नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको जिम्मेवारीमा दिगम्बर झा रहेका थिए । उनीहरूको पालामा सुरु भएको टेरामक्स प्रविधि खरिद प्रक्रिया सञ्चारमन्त्रीको भूमिकामा ज्ञानेन्द्रबहादुर कार्की, सचिवको भूमिकामा बैकुण्ठप्रसाद अर्याल र नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षको जिम्मेवारीमा पुरुषोत्तम खनाल हुँदा खरिद सम्पन्न र आधा रकम भुक्तानी भएको पाइएको छ ।

यो प्रविधि खरिदको अध्ययनका लागि ७० करोड रकम विनियोजन गर्नेमा एमालेबाट मन्त्री भएका तत्कालीन सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बास्कोटा रहेको तथ्य बाहिरिएपछि यो प्रकरणमाथिको अनुसन्धान नै प्रभावित हुन पुगेको कतिपयको दाबी छ । यो पछिल्लो उदहारण हो । यस्ता सरकारले अगाडि बढाएका र बढाउन नसकेका हरेकजसो आर्थिक अनियमितता र अपचलनको आशंका भएका प्रकरणहरुमाथिको छानबिन निष्कर्षमा पुगिरहेका छैनन् । सुशासनविदहरु अनियमितता हुनु र त्यसमाथिको छलफल अगाडि बढाउनु र रोक्नुमा सिंगो राज्य संयन्त्र र राजनीतिक दलहरुका मिलिभगत रहेको टिप्पणी गर्छन ।

टेरामक्सको विषय अगाडि नबढ्ने गरी अगाडि रोकिन खोजेको छ । पूर्व प्रधानमन्त्री माधव नेपाल र बाबुराम भट्टराई, एमाले नेता विष्णु पौडेल जोडिएको ललिता निवास प्रकरण निष्कर्षका पुगेन । नक्कली भूटानी शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्री थुनामा पुगेपनि आरोप लागेका सबैसँग बयान लिइएन । पशुपतिमा सुनको जलहरी चढाउँदाको विषय गुपचुपमै रह्यो ।

पछिल्लो समय विद्युतको महसुल नतिर्ने उद्योगहरुको सहुलियतको विषय आएको छ । महसुल नतिर्ने उद्योगीहरुसँग पैसा लिने र नदिए लाइन काट्ने निर्णयमा पुगेको »» पृष्ठ २ मा

# फागुनमै ‘बजेटको प्राथमिकता’

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, ३ माघ ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लाई अध्यादेश ल्याएको छ । संघीय संसदको अधिवेशन बोलाउने तयारी भइरहेका बेला बुधबार बसेको मन्त्रिपरिषद बैठकले बजेटको कार्यतालिकामा परिमार्जन गर्ने गरी अध्यादेश जारी गर्ने निर्णय गरेको हो ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ संशोधन गरेर बजेट ल्याउनु अगाडिको छलफलको विगतको अभ्यासगत तालिका हेरफेर गर्न लागेको हो । यसअघि संसदमा प्रयाप्त छलफल गर्न नपाएको भन्ने सांसदहरुको गूनासो सम्बोधन गर्न सरकारले फागुनमै बजेटको सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गर्ने गरी अध्यादेश ल्याएको जनाएको छ

> पर्याप्त छलफल गर्न नपाएको भन्ने सांसदहरुको गुनासो सम्बोधन गर्न सरकारले फागुनमै बजेटको सिद्धान्त र प्राथमिकता संसदमा प्रस्तुत गर्ने गरी अध्यादेश ल्याएको हो ।

चालु आर्थिक वर्षको बजेटमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिने क्रममा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले संसदमा फागुनमै बजेटको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्ने प्रतिवद्धता जनाएका थिए । नेपाली कांग्रेसका महामन्त्री समेत रहेका प्रतिनिधि सभा सदस्य गन थापा लगायले लिखित रुपमै बजेटमाथिको छलफल कम भएका भनी हिउँदे अधिवेशनमै आवश्यक छलफलको व्यवस्था मिलाउन माग गरेका थिए । त्यसको जवाफ दिने क्रममा प्रधानमन्त्री प्रचण्डले गरेको प्रतिवद्धता कार्यान्वयनका गर्न लागि सरकारले बुधबार अध्यादेश ल्याएको हो ।

जेठ १५ गते संघीय संसदमा बजेट प्रस्तुत गर्नुपर्ने संवैधानिक व्यवस्था छ । त्यस अगाडि नीति तथा कार्यक्रम प्रस्तुत हुन्छ । नीति तथा कार्यक्रम भन्दा अगाडि बजेटको प्राथमिकता र सिद्धान्त प्रस्तुत गरेर त्यसमाथि सांसदहरुलाई दिन लगाइन्छ । सांसदहरुको राय यसपटक फागुनमै लिन खोजिएको हो ।

## वैदेशिक रोजगार विशेष

# पुसमा विदेशिए ६६ हजार कामदार

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ माघ

पुस महिनामा ६५ हजार ८ सय १३ नेपालीले श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार म्यानपावर कम्पनी र व्यक्तिगत प्रयासमा नयाँ श्रम स्वीकृति लिएर जाने कामदारको संख्या ३४ हजार ४ सय १५ रहेको छ । पुसमा म्यानपावर कम्पनीबाट २६ हजार ७ सय २३ जना नयाँ कामदार वैदेशिक रोजगारीमा गएका छन् । पुन: श्रम स्वीकृतिमा जानेको संख्या ३१ हजार ३ सय ९८ रहेको छ । यो संख्या म्यानपावर कम्पनीबाट गएका भन्दा साढे ५ हजारभन्दा बढी हो ।

पुसमा यूएईमा धेरै नेपाली गएका छन् । म्यानपावर कम्पनी र नयाँ श्रम स्वीकृतिबाट १६ हजारभन्दा बढी »» पृष्ठ २ मा

## एसओएस शीर्ष स्थानमा

**काठमाडौं/मस–** पुस महिना ८ सय ४४ कामदारको श्रम स्वीकृति लिएको एसओएस म्यानपावर सर्भिस प्रा.लि. धेरै कामदार पठाउने म्यानपावर कम्पनीको शीर्ष स्थानमा रहेको छ । यस्तै सूचीको दोस्रो स्थानमा नील कमल ह्युमन रिसोर्स प्रा.लि. रहेको छ । नील कमलले ७ सय ९ जनाको श्रम स्वीकृति लिएको छ । पुसमा पाँच दर्जन बढी म्यानपावर कम्पनीले एक सयभन्दा बढी कामदार वैदेशिक रोजगारमा पठाएका छन् । »» पृष्ठ २ मा


VACANCY ANNOUNCEMENT

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

DOCUMENTATION - (2 Female)
OFFICE SECURITARY - (2 Female)
Should have experience in related field.
SALARY 30,000-35000
SEND YOUR CV: admin@luluintl.com
01-014987011 |01-4979151

Govt. Lic. No. 1035/072/073
Lulu International Pvt. Ltd.
Samakhushi-29, Kathmandu. Nepal
Mob.: 9851083549 || 9818065184



UAE मा Free Visa !! Free Ticket !!

Company: Capital Catering & Services- Sole Proprietorship LLC

पुन विज्ञापन । पूर्व स्वीकृती मिति: २०८०/०५/२५ चलानी नं.६०२०७५८९ LT No.: 292423

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Waiter/Waitress | 73 | 15 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३८६।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Assistant Cook/Commi III | 55 | 0 | | 1200 | ४३,३८६।- | | | | | | | |
| ३. | Commi cook | 25 | 0 | | 1800 | ६५,०७९।- | | | | | | | |
| ४. | Asst. Chief Steward | 5 | 0 | | 1500 | ५४,१५७।- | | | | | | | |
| ५. | Asst.Catering Supervisor | 2 | 0 | | 1500 | ५४,१५७।- | | | | | | | |
| ६. | Asst.Cleaning Supervisor | 5 | 2 | | 1500 | ५४,१५७।- | | | | | | | |
| ७. | Asst. Storekeeper | 5 | 0 | | 1500 | ५४,१५७।- | | | | | | | |
| ८. | Baker | 6 | 0 | | 1800 | ६५,०७९।- | | | | | | | |
| ९. | Butcher | 10 | 0 | | 2000 | ७२,३१०।- | | | | | | | |
| १०. | Cashier | 10 | 5 | | 1500 | ५४,१५७।- | | | | | | | |
| ११. | Catering Supervisor | 5 | 1 | | 2500 | ९०,३८७।- | | | | | | | |
| १२. | Chief Steward | 5 | 0 | | 2500 | ९०,३८७।- | | | | | | | |
| १३. | Cleaning Supervisor | 5 | 0 | | 2500 | ९०,३८७।- | | | | | | | |
| १४. | General Helper | 42 | 0 | | 1092 | ३९,४८१।- | | | | | | | |
| १५. | Heavy Drivers | 23 | 0 | | 2800 | १,०१,२३४।- | | | | | | | |
| १६. | Technician | 10 | 0 | | 2163 | ७८,२०३।- | | | | | | | |
| १७. | Catering Assistant | 1 | 0 | | 1092 | ३९,४८१।- | | | | | | | |
| १८. | Logistics Assistant | 29 | 0 | | 1092 | ३९,४८१।- | | | | | | | |
| १९. | Steward | 49 | 0 | | 930 | ३३,६२४।- | | | | | | | |
| २०. | Technician Male | 5 | 0 | | 2500 | ९०,३८७।- | | | | | | | |
| २१. | Office Boy/Office Girl | 5 | 4 | | 1100 | ३९,७७०।- | | | | | | | |
| २२. | Pastry Cook | 10 | 0 | | 2000 | ७२,३१०।- | | | | | | | |
| २३. | Pest Controller | 5 | 0 | | 1400 | ५०,६१७।- | | | | | | | |
| २४. | Salad Maker | 10 | 0 | | 1800 | ६५,०७९।- | | | | | | | |
| २५. | Sandwich Maker | 9 | 0 | | 1800 | ६५,०७९।- | | | | | | | |
| २६. | Store Assistant | 24 | 0 | | 1092 | ३९,४८१।- | | | | | | | |
| २७. | Cleaner | 47 | 20 | | 930 | ३३,६२४।- | | | | | | | |

Emirates flight Catering, Qatar Airways, Saudi Airlines Catering र Airport मा काम गरेका हरुलाई विशेष प्राथमिक्ता दिईनेछ । Age 20-35

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।– कामदार आफैंले | रु. ७००।– कामदार आफैंले | नि:शुल्क |

Note (नोट):
१.आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । Applicants are requested to submit their application directly without using any mediator.
२ प्रि–अन्तर्वार्तामा समावेश भई सफल भएका आवेदक मात्र अन्तिम अन्तर्वार्ताको लागि योग्य हुनेछन् । Only applicants who have been selected in Pre-Interview will be eligible for final Interview.

प्रि-अन्तरवार्ता म्यानपावर कार्यालयमा चलिरहेको छ । फाइनल अन्तरवार्ता २०८० माघ १० गते (24 Jan., 2024) होटल यक एण्ड यती, दरवारमार्ग, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

ThinkBiz Gov.Lic.NO. 1608/079/080
THINK BIZ INTERNATIONAL PVT.LTD.
Subhidhangar Marg, Tinkune, Kathmandu Tel : 01-5914635
Mob: 9761819719, 9761819720, 9761819721
Email: cv@thinkbiz.com.np | Web: www.thinkbiz.com.np



EMPLOYMENT OPPORTUNITY IN UNITED KINGDOM UNDER ZERO COST
शून्य लागत अन्तर्गत बेलायतमा रोजगारीको अवसर

Free Visa, Free Ticket, Free Processing, Free Medical, No Service Charge, No cash Deposit, No Salary Deductions, No Mediator !
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क भर्ना प्रक्रिया, नि:शुल्क स्वास्थ्य परीक्षण, सेवा शुल्क नलाग्ने, तलब कटौटी नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित !

Name of Employer's: GREEN LABEL FOODS LTD, UK
रोजगारदाताको नाम: ग्रिन लेबल फुड्स लिमिटेड, यूके

पूर्व स्वीकृत मिति: २०८०/०८/०८ चलानी नं.: ६०२१०४५९ LT. No.: 295451

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब GBP | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Poultry Dressers | 10 १० | 0 0 | सम्बन्धित काममा दक्ष | 2275 | ३,८१२४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

ग्रिन लेबल फुड्स लिमिटेड, ले रोजगारीको लागि कुनै किसिमको भर्ती शुल्क लागु गर्ने छैन।
GREEN LABEL FOODS LTD. doesn't impose any Recruitment/Placement Fee for this Employment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।– उमेर ३६ देखि ५०: ने.रु.४९३१।– उमेर ५१ देखि ६४: ने.रु.९४६३।– By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।– रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।– रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

१. आवेदकहरूलाई कुनै मध्यस्थकर्ता प्रयोग नगरी सीधा आवेदन दिन आमन्त्रित गरिएको छ। आवेदक वा तिनीहरूको परिवार सदस्यहरूले यस भर्तीको लागि कुनै पनि प्रकारको शुल्क तिर्न आवश्यक छैन। (Applicants are invited to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment. )
२. हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका फलेक्स, ब्यानर, पर्चा आदि जस्ता काम सम्बन्धी जानकारी मूलक सामग्रीहरू पूर्ण रूपमा अध्ययन गर्न र बुझ्न अनुरोध गर्दछौं । (We request the applicants to read and understand job related informative materials such as Flex, Banner, leaflet etc placed at our office premises.)

१. यस रोजगारीको लागी हाम्रो कार्यालय वा अरु कसैलाई सेवा शुल्कको सट्टामा कुनै अन्य मूल्यवान वस्तु (उपहार, सुन, गरगहना, गाईवस्तु, फोन आदि) दिन वा दिने बाचा नगर्न अनुरोध गर्दछौं । (We request you not to give or promise to give any valuable item (gift, gold, jewelry, livestock, phone etc.) in exchange for service fee to our office or anyone else for this employment. )
२. यस भर्तीको लागि कुनै धितो, मौद्रिक निक्षेपलाई अनुमति वा स्वीकृत गरिने छैन । (No bonds, monetory deposit are allowed or accepted for this recruitment.)
३. दि रिभर ओभरसीज प्रा.लि. सोर्सिङ र भर्ती प्रक्रियामा कुनै पनि एजेन्ट/सब-एजेन्ट/तेस्रो पक्ष संलग्नता/मध्यस्थहरू प्रयोग गर्दैन। (The River Overseas Pvt.Ltd. does not use any Agent/Sub –Agent/ Third Parties Involvement/Intermediaries in the sourcing and Recruitment Process.)
४. दि रिभर ओभरसीज प्रा.लि. " शून्य लागत भर्ती निती " र "नैतिक भर्ती प्रक्रिया" को सिद्धान्त र मापदन्डहरू पालना गरी आवेदकहरूलाई उनिहरुको योग्यताको आधारमा सम्मानपूर्वक समान अवसरहरू प्रधान गर्नको लागि साथै आवेदकहरू सँग निष्पक्ष र पारदर्शी व्यवहारको लागि प्रतिबद्ध छ। (The River Overseas Pvt.Ltd. is committed to comply with the principles and standards of "ZERO COST RECRUITMENT POLICY " and "Ethical Recruitment Practices" providing equal opportunities to the applicants based on the merit and with respect, also dealing with the applicants fairly and transparently. )

If you feel that someone is trying to influence you, or if you have any complaints, without fear of recrimination, reprisal or dismissal please feel free to e-mail at river.helpline@gmail.com or contact us directly at mentioned number + 977 9801247245. We ensure your confidentiality. यदि कोही कसैले प्रभावमा पार्नखोजेको महसुस भएमा अथवा कुनै गुनासो भएमा , कृपया स्वतन्त्र रुपमा दोषारोपण, प्रतिशोध वा खारेजको डर बिना सिधै यस कार्यालयको इमेल river.helpline@gmail.com वा उल्लेखित फोन नं + 977 9801247245 मा सम्पक गर्नु हुन हार्दिक अनुरोध गर्दछौ । हामी तपाईँको गोपनीयता सुनिश्चित गर्दछौं ।

Pre interview is going on. प्रि-अन्तर्वार्ता भई रहेको छ ।
Final interview will be held at Head office Kathmandu on 29 January 2024.
फाइनल अन्तर्वार्ता प्रधान कार्यालय काठमाडौंमा मिति २०८० माघ १५ गते हुनेछ ।

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु पर्नेछ । ५.विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहचलमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Tahchal.

Gov. Lic. No 406/060/061
THE RIVER OVERSEAS PVT. LTD.
Battisputali, Gaushala, Kahtmandu, Nepal | Tel: 01-4562431, 01-4562432
Mobile: 9801247223, 9801247214, 9801247247.
Email: admin@theriveroverseas.com | Website:www.theriveroverseas.com

मध्यान्ह
www.madhyanhadaily.com

४ माघ २०८०, बिहिबार
18 January 2024, Thursday

राष्ट्रिय सभा निर्वाचन

# सुरक्षा व्यवस्थाका लागि सरकारलाई आयोगको निर्देशन

**काठमाडौं/मस**–यही माघ ११ गते हुने राष्ट्रिय सभा सदस्य निर्वाचनमा आवश्यक सुरक्षा व्यवस्था मिलाउन निर्वाचन आयोगले नेपाल सरकारलाई निर्देशन दिएको छ ।। बुधबार आयोगका सहायक प्रवक्ता श्रीधर पन्थीले एक विज्ञप्ति जारी गर्दै राष्ट्रिय सभा निर्वाचनका लागि सरकारलाई ९ बुँदे निर्देशन दिइएको जानकारी दिएका छन् ।



उच्चस्तरीय निर्वाचन सुरक्षा समितिका संयोजक आयुक्त सगुनशमसेर ज.ब.रा.को अध्यक्षतामा मंगलबार बसेको बैठकबाट सिफारिशसमेतका आधारमा बुधबार बसेको आयोगको बैठकले गृह मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको उनले जानकारी दिए ।

निर्वाचन आयोगले तयार गरेको मतपत्र ढुवानी कार्ययोजनाबमोजिम गृह मन्त्रालयको समन्वयमा सुरक्षा निकायबाट आवश्यक सुरक्षा प्रवन्ध मिलाउन आयोगले निर्देशन दिएको छ । यस्तै राष्ट्रिय सभा सदस्य निर्वाचनको सन्दर्भमा आवश्यक सुरक्षाको समुचित व्यवस्था मिलाउन, प्रदेश राजधानी रहेका जिल्लाहरू क्रमशः मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलालीमा रहेका प्रदेश निर्वाचन कार्यालयहरूमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचनको कार्यमा खटिएका सम्पूर्ण जनशक्तिको सुरक्षा व्यवस्था मिलाउन पनि आयोगले निर्देशन दिएको छ ।

आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेश सभा सदस्यहरू, गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष, नगरपालिकाका प्रमुख तथा उपप्रमुख निर्वाचक मण्डलमा रहने र निर्वाचक मण्डलका सदस्यहरू प्रदेशभर छरिएर रहेकाले आफू रहेका स्थानीय तह वा जिल्लाबाट मतदान स्थल तोकिएको प्रदेश राजधानीसम्म र प्रदेश राजधानीमा निज बसेको स्थानबाट मतदान केन्द्रसम्म मतदान प्रयोजनका लागि आउने र जाने मार्ग तथा आवासीय क्षेत्रमा आवश्यक सुरक्षा प्रबन्ध मिलाउन पनि सरकारलाई निर्देशन दिएको छ ।

निर्वाचन मण्डलका सदस्य मतदाताहरूलाई मतदान स्थल रहेको मोरङको विराटनगर, धनुषाको जनकपुर, मकवानपुरको हेटौंडा, कास्कीको पोखरा, दाङको घोराही, सुर्खेतको विरेन्द्रनगर र कैलालीको धनगढीमा होटल व्यवसायीहरूसँग समन्वय गरी मतदाताहरूको निजी खर्चमा बसोबासको प्रबन्ध मिलाउन आवश्यक समन्वय गर्न, उम्मेदवार र मतदाताहरू निर्वाचन कार्यक्रममा सहभागी हुँदा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरेर मात्र आवागमन गर्ने व्यवस्था मिलाउन, राष्ट्रिय सभा सदस्य निर्वाचनको लागि तोकिएका मतदान स्थल तथा मतदान केन्द्र र मतगणना स्थलको सुरक्षा प्रबन्ध मिलाउन पनि आयोगले सरकारलाई निर्देशन दिएको छ ।

त्यस्तै राष्ट्रिय सभा सदस्य निर्वाचन २०८० बमोजिम निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका तथा मिति २०८० माघ ११ गते मतदान हुने प्रदेशका सात जिल्लाहरू मोरङ, धनुषा, मकवानपुर, कास्की, दाङ, सुर्खेत र कैलाली जिल्ला प्रशासन कार्यालयलाई निर्वाचन सुरक्षा (व्यवस्था) निर्देशिका, २०७८ को दफा ५ बमोजिम गठित जिल्ला निर्वाचन सुरक्षा समितिलाई क्रियाशील तुल्याई निर्वाचन सुरक्षा व्यवस्थालाई प्रभावकारी एवम् भरपर्दो बनाउन निर्देशन दिन र निर्वाचन आचारसंहिता कार्यान्वयनको सन्दर्भमा नेपाल प्रहरीलगायत सुरक्षा निकायबाट आवश्यक निगरानी गरी विवरण उपलब्ध गराइदिन गृह मन्त्रालयमार्फत सुरक्षा निकायहरूलाई निर्देशन दिन पनि आयोगले भनेको छ ।

# जनप्रतिनिधिबीच उत्पन्न विवाद सल्ट्याउन प्रयास जारी

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ माघ



रौतहटको मध्यभागमा रहेका गरुडा नगरपालिकाका मेयर र उपमेयरसहित वडा अध्यक्षहरुबीच उत्पन्न विवाद सल्टाउन दुवै पक्षबीच संवाद हुन थालेको छ ।

उपमेयर पुनम देवी चौधरीसहित ६ जना वडाअध्यक्षहरुले विभिन्न ६ बुँदे माग राख्दै विगत दुई सातादेखि गरुडा नगरपालिका कार्यालयमा तालाबन्दी गरी आन्दोलन गर्दै आएका छन् ।

जनता समाजवादी पार्टीका युवा नेता एवं जिल्ला सह-इन्चार्ज राजकुमार दासले वार्ताद्वारा समस्या समाधान गर्न नगर प्रमुख कन्थमनी प्रसाद जयसवाल र आन्दोलनरत जनप्रतिनिधिहरु दुवै पक्षसँग घनिभूत छलफलमा जुटेका छन् ।

नेता दासले विवाद मिलाउन दुवै पक्षसँग छलफलमा जुटेपछि अब चाडै समस्या समाधान भइ नगरपालिका कार्यालयमा लागेको ताला खुल्ने विश्वास गरिएको छ ।

नगरपालिकाभित्र देखिएको विवाद वार्ताको माध्यमले समाधान गर्न आफु प्रयासरत रहेको नगरप्रमुख कन्थमनी प्रसाद जयसवालले बताएका छन् । आन्दोलनरत जनप्रतिनिधिहरुको जायज माग वार्ताद्वारा सम्बोधन गर्न आफु तयार रहेको बताउँदै मेयर जयसवालले वार्तामा आउन उनीहरुलाई आह्वान गरेका छन् ।

## कुशासनमा...

नेपाल विद्युत प्राधिकरण सरकारकै कारण पछाडि हटेको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विपक्षी दलका नेता केपी शर्मा ओली र सत्तारुढ गठबन्धनको नेतृत्वकर्ता कांग्रेस सभापति शेरबहादुर देउवासँग समेतको छलफलका आधारमा उद्योग बन्द नहुने र विद्युत महसुल पनि उठाउने गरी अगाडि बढ्नुपर्ने भन्दै काटिएको उद्योगको लाइन जोड्न निर्देशन गरे । यहाँ पनि उद्योगीको पक्षमा नेताहरु समत भएर विद्युतका लाइन जोडिएको बताइन्छ ।

## पुसमा...

नेपाली यूएई गएका छन् । जसमा १३ हजार ८ सय ६० पुरुष र २ हजार ५ सय २५ जना महिला छन् ।

पुसमा साउदी अरेबिया दोस्रो स्थानमा रहेको छ । साउदी जाने नेपालीको संख्या १४ हजार ३ सय ७ रहेको छ । त्यसमा म्यानपावर कम्पनीबाट जानेको संख्या ५ हजार ५ सय ९५ रहेको छ । यस्तै कतार तेस्रो स्थानमा छ । पुसमा १४ हजार १८ जना गएको कतारमा म्यानपावर कम्पनीमार्फत ३ हजार ३ सय ६१ जना गएको विभागको तथ्यांकमा उल्लेख छ । मलेसिया सूचीको चौथो स्थानमा रहेको छ । पुसमा ८ हजार ९१ कामदार मलेसिया गएकोमा म्यानपावर कम्पनीमार्फत भने ५ हजार ६ सय ९३ जना गएका छन् ।

पुसमा कुवेत जान ३ हजार ५ सय १८ जनाले श्रम स्वीकृति लिएका छन् । त्यसमा म्यानपावर कम्पनीमार्फत जानेको संख्या २ हजार ८१ रहेको विभागको तथ्यांकमा उल्लेख छ । पुसमा म्यानपावर कम्पनीमार्फत जापान जानेको संख्या ९४ रहेको छ भने व्यक्तिगतरुपमा ६ सय ९६ जना जापान गएका छन् । जापानको रोजगारीमा जाने प्रवृत्तिले वैदेशिक रोजगारमा पठाउन म्यानपावर कम्पनी नचाहिने हो ? भन्ने प्रश्न उठाएको छ । बहराइन जानेको संख्या ४ सय १५ जना र हङकङ जानेको संख्या ९ जना रहेको छ । पछिल्ला महिना रोजगारीका लागि युरोप जाने बढेका छन् । पुसमा मात्र रोमानियामा १ हजार ५८, बेलायतमा १ सय ८७, क्रोएसियामा ५ सय ५८, स्लोभाकियामा ४१, साइप्रसमा ३ सय ५७, माल्टामा २ सय ६३, पोल्याण्डमा १ सय ८३, सर्बियामा १ सय ३५ र टर्कीमा २० जना नेपाली कामदार गएका छन् ।

## एसओएस...

**एक सय बढी कामदार पठाउने म्यानपावर :**

एसओएस मेनपावर सर्भिस प्रा.लि.- ८४४
नील कमल ह्युमन रिसोर्स प्रा.लि.- ७०९
गल्फ मेनपावर सर्भिस प्रा.लि.- ४८२
इन्टरनेशनल मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- ४२०
दि रिभर ओभरसिज प्रा.लि.- ३९१
साउण्डलाइन्स रिक्रुटमेन्ट प्रा.लि.- ३८५
सपोर्ट ह्युमन रिसोर्स प्रा.लि.- ३८३
सान नेपाल प्रा.लि.- ३७४
एयर किङ्स प्लेसमेन्ट प्रा.लि.- ३५५
अल जराफा ह्युमन रिसोर्स कन्सल्ट प्रा.लि.- ३१०
आकर्षण इन्टरनेशनल प्रा.लि.- २७७
प्याराडाइज इन्टरनेशनल प्रा.लि.- २७६
बेष्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- २५५
कस्तुरी इन्टरनेशनल सर्भिस प्रा.लि.- २४३
जब सिकर मेनपावर प्रा.लि.- २३०
सुपर्ब सोलुसन प्रा.लि.- २३०
शिखर इन्टरनेशनल मेनपावर सर्भिस प्रा.लि.- २२८
एसपीएम ओभरसिज प्रा.लि.- २२७
अल सेक्युर मेनपावर रिक्रुटमेन्ट प्रा.लि.- २२७
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.- १९३
स्काई वे म्यानेजमेन्ट प्रा.लि.- १९३
टार्गेट कन्सल्ट ह्युमन रिसोर्स प्रा.लि.- १९२
रोटरी ओभरसिज प्रा.लि.- १८०
जब सिकर मेनपावर प्रा.लि.- १७७
मास ह्युमन रिसोर्स प्रा.लि.- १६९
थ्री ब्रोदर्स ह्युमन रिसोर्स प्रा.लि.- १५६
स्काई ओभरसिज सर्भिस प्रा.लि.- १५५
कतार इन्टरनेशनल मेनपावर प्रा.लि.- १५५
पर्फेक्ट रिक्रुटिङ सर्भिस प्रा.लि.- १५१
अल स्कील इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १४६
मोन्टेज ओभरसिज प्रा.लि.- १४४
इम्पावर ह्युमन रिसोर्स म्यानेजमेन्ट सर्भिस प्रा.लि.- १३८
इन्डेक्स रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १३६
प्रोटेक नेपाल इम्प्लोइमेन्ट सर्भिस प्रा.लि.- १३२
चन्द्र कामना मेनपावर प्रा.लि.- १२८
सेन्टर क्यापिटल सर्भिस प्रा.लि.- १२७
सब इन्टरनेशनल ह्युमन रिसोर्स प्रा.लि.- १२३
डिएन मेनपावर प्रा.लि.- १२३
ओमेगा इन्टरनेशनल प्रा.लि.- १२२
वाहा मेनपावर सप्लायर्स प्रा.लि.- १२१
ब्रिज स्काई इन्टरनेशनल प्रा.लि.- ११६
लिंक इन्टरनेशनल प्लेसमेन्ट प्रा.लि.- ११४
डेष्टिनी ह्युमन रिसोर्स नेपाल प्रा.लि.- ११४
एचएमटी ओभरसिज प्रा.लि.- १११
एमबी ह्युमन रिसोर्स प्रा.लि.- ११०
फजल इन्टरनेशनल प्रा.लि.- १०८
अल शाहिद ओभरसिज प्रा.लि.- १०८
त्रिवेणी ओभरसिज कन्सर्न प्रा.लि.- १०७
मोभिरा रिक्रुटमेन्ट कन्सल्ट्यान्सी सर्भिस प्रा.लि.- १०७
आयुश इन्टरनेशनल ओभरसिज सर्भिस प्रा.लि.- १०६
अञ्जली ओभरसिज सर्भिस प्रा.लि.- १०६
द सेन्टर ओभरसिज कन्सर्न प्रा.लि.- १०६
मिनवा रिक्रुटमेन्ट एचआर प्रा.लि.- १०६
ग्रेस ओभरसिज प्रा.लि.- १०६
शिवाकोटी मेनपावर सर्भिस प्रा.लि.- १०४
इशान इन्टरनेशनल ओभरसिज प्रा.लि.- १०४
लुलु इन्टरनेशनल प्रा.लि.- १०४
ट्यालेन्ट ओभरसिज सर्भिस प्रा.लि.- १०३
पाल्ही ओभरसिज प्रा.लि.- १०३
नोकरी नेपाल रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १०२
भोयन्ट रिक्रुटमेन्ट सर्भिस प्रा.लि.- १०१
लुना एचआर सोलुसन प्रा.लि.- १०१
मेमोरियल ओभरसिज सर्भिस प्रा.लि.- १००

# प्रहरी फन्दामा नक्कली रक्सी बनाउने गिरोह



**काठमाडौं/मस**– प्रहरीले योजनावद्ध रुपममा नक्कली मदिरा उत्पादन गर्ने कारखानका सञ्चालकसहित ९ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले छापा मारेर मंगलबार काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका-५ स्थित थलीबाट कारखानाका सञ्चालकहरु रामेछापको खाँडादेवी गाउँपालिका २८ वर्षीय मनोज खत्री, ३६ वर्षीय विनोदकुमार कार्की र सिन्धुली कमलामाई नगरपालिका-९ घर भइ मूलपानी बस्ने २८ वर्षीय गौरव तामाङलाई पक्राउ गरेको हो ।

नक्कली रक्सी उत्पादन र बिक्रिमा यी तीन जनाको मुख्य भूमिका रहेको प्रहरीले जनाएको छ । ती मध्य खत्री र कार्की भने मामा भान्जा हुन । बुधबार उनीहरुलाई सार्वजनिक गर्दै प्रहरीले तीन जना यसअघि पनि यही अपराधमा संलग्न भएका कारण पक्राउ परेको बताएको छ। उनीहरु यसअघि तीन पटक पक्राउ परिसकेका छन् ।

पक्राउ पर्ने अन्य छ जना भने सहयोगी रहेको प्रहरीको भनाइ छ । प्रहरीका अनुसार पक्राउ पर्ने अन्यमा सिन्धुपाल्चोक चौतरा नगरपालिका-३ का २७ वर्षीय मोहन खड्का, कागेश्वरी मनोहरा नगरपालिका-६ का ३५ वर्षीय सुमन नगरकोटी, सिन्धुलीको कमलामाई नगरपालिका-७ का ४० वर्षीय लेखविक्रम थापा, रामेछाप मजुवा गाउँपालिका-३ का २३ वर्षीय महेश खत्री, रामेछापकै खाँडादेवी नगरपालिका-२ का २० वर्षीय मनिष खत्री र सिन्धुपाल्चोक चौतारा नगरपालिका-१ का १८ वर्षीय रोशन कार्की रहेका छन् ।

उपत्यका अपराध अनुसन्धान कार्यालयका डीएसपी अनिल घिमिरे नेतृत्वको टोलीले कारखानमा छापा मारेको थियो । कारखानाबाट नेपाली ब्रान्डको खुकुरी रम, गोल्डेन ओक, फाइटर र सिग्नेचर बरामद गरेको बताएको छ । प्रहरीले अनुसन्धानबाट 'सगुन' नामको नेपाली मदिरामा एक बोतल ब्ल्याक लेबल र चिनीको घोल मिसाएर ३ बोतल ब्ल्याक लेबल बनाइ बेच्ने गरेको पत्ता लगाएको हो । उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी सोमेन्द्र सिंह राठौरका अनुसार गिरोहले नक्कली रक्सी बनाएर तीन वर्षदेखि पार्टी प्यालेस, विवाह समारोह र बजारमा पठाउने गरेको थियो । प्रहरीले उनीहरुमाथि फौजदारी अपराध संहिता अनुसार खाद्य पदार्थ अखाद्य तत्व मिसावट गरेको कसुरमा मुद्दा चलाउने तयारी गरेको छ ।


## युएईमा रोजगार

कम्पनी : TAWSEEH TECHNICAL SERVICES CO.
शहर: UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०३ चलानी नं.: ६०२१३१३६ LT. No.: 298181

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,२६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Helper/laborer | 9 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 3. | Mason | 5 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |
| 4. | Plumber | 5 | 0 | | 1200 | ४३,६३२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

तिरुपति इन्टरनेशनल म्यानपावर प्रा. लि.
Govt. Lic No.: 847/066/067
बत्तिसपुतली, गौशाला-९, काठमाडौं, नेपाल, फोन नं: ४४९८८२२, फ्याक्स नं.: ४४३७५००

## साउदीमा रोजगार

कम्पनी: TOP OF THE HORIZON COMPANY TO SERVE DRINK
शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७९/०३/२२ चलानी नं.: ६०१८२६५३ LT. No.: 266731 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,४३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: DURRAT VEHICLE MASTERY FOR CAR MAINTENANCE
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/०४/०३ चलानी नं.: ६०१८३४४० LT. No.: 267567 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Painter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber Vehicles | 1 | 0 | | 1500 | ५३,०४० | | | | | | | |

३. कम्पनी: Golden Chicken Farms Company for Agricultural and Livestock Production
शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०८०/१०/०२ चलानी नं.: ६०२१३१०५ LT. No.: 297982

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Inventory Control Specialist | 1 | 0 | | 3500 | १२३,७६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 Janauary 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला

Excellent Manpower Services Pvt. Ltd.
Gov. Lic No. 1328/074/075
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## कुवेत र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः THE CONTRACTOR GENERAL TRADING & CONTRACTING CO.
शहरः Kuwait
पुर्व स्वीकृत मितिः २०८०/१०/०३ चलानी नं.: ६०२१३१३८ LT. No. 298182

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst Charge Hand | 5 | 0 | सम्बन्धित काममा दक्ष | 180 | ७७,५७१ | कम्पनीको नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियम अनुसार | छ | | २ वर्ष |
| 2. | Asst Mechanic | 3 | 0 | | 140 | ६०,३३३ | | | | | | | |
| 3. | Asst Technician | 5 | 0 | | 140 | ६०,३३३ | | | | | | | |
| 4. | Auto A/c Technician | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 5. | Auto Denting Technician | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 6. | Auto Electrician (Petrol) | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 7. | Auto Electrician Wiring | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 8. | Auto Mechanic (Diesel) | 3 | 0 | | 190 | ८१,८८१ | | | | | | | |
| 9. | Auto Mechanic (Petrol) | 3 | 0 | | 190 | ८१,८८१ | | | | | | | |
| 10. | Boom Truck Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 11. | Bop Cat Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 12. | Cable Joint 11kv | 20 | 0 | | 170 | ७३,२६२ | | | | | | | |
| 13. | Civil Foreman | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 14. | Diesel Mechanic | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 15. | Electrician | 25 | 0 | | 140 | ६०,३३३ | | | | | | | |
| 16. | Electrician (Heavy Equipment) | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 17. | Electrician Foreman | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 18. | Excavator Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 19. | Grader Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 20. | Heavy Duty Driver (Dump Truck) | 20 | 0 | | 170 | ७३,२६२ | | | | | | | |
| 21. | Horizontal Directional Drilling Hdd Operator | 8 | 0 | | 250 | १०७,७३८ | | | | | | | |
| 22. | Hydraulic Mechanic | 3 | 0 | | 180 | ७७,५७१ | | | | | | | |
| 23. | Jcb Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 24. | Labourer | 100 | 0 | | 95 | ४०,९४० | | | | | | | |
| 25. | Roller Compactor Operator | 8 | 0 | | 200 | ८६,१९० | | | | | | | |
| 26. | Skilled Labours | 75 | 0 | | 120 | ५१,७१४ | | | | | | | |
| 27. | Steel Fixer | 4 | 0 | | 140 | ६०,३३३ | | | | | | | |
| 28. | Technical Labours | 40 | 0 | | 120 | ५१,७१४ | | | | | | | |
| 29. | Welder | 4 | 0 | | 140 | ६०,३३३ | | | | | | | |

२. कम्पनीः FIRST CHOICE CLEANING SERVICES LLC
शहरः UAE,DUBAI
पुर्व स्वीकृत मितिः २०८०/१०/०२ चलानी नं.: ६०२१३१०१ LT. No. 298160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 25 | स. काममा दक्ष | 800 | २८,८८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DEEP JYOTI MANPOWER SERVICE PVT. LTD
Tara Hall chowk, Sinamangal. Kathmanud, Tel: 01-4492910, Mob: 9801797200, 9808046424, 9824887580.Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np
श्रम इजाजत नं. ११३६/०७३/०७४

## युएई र कतारमा रोजगार

कम्पनी : SS FACULTY FOR TECHNICAL SERVICES LLC
शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/१०/०२ चलानी नं.: ६०२१३११७ LT. No.: 298088

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३९७२१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 6 | 0 | | 1100 | ३९७२१ | | | | | | | |
| 3. | Welder | 6 | 0 | | 1100 | ३९७२१ | | | | | | | |

२. कम्पनी : NEW LUMBINI TRADING HOSPITALITY AND CLEANING
शहर : Doha
पूर्व स्वीकृत मितिः २०८०/१०/०३ चलानी नं.: ६०२१३१३५ LT. No.: 298116

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Clean Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Supervisior | 1 | 0 | | 2500 | ९०,९०० | | | | | | | |
| 3. | Labour | 2 | 0 | | 1000 | ३६,३६० | | | | | | | |
| 4. | Sales Manager | 8 | 0 | | 5700 | २०७,२५२ | | | | | | | |
| 5. | Supervisior | 3 | 0 | | 2500 | ९०,९०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

World View International Human Resources (Pvt.) Ltd.
Govt. Lic. No. 962/067/068
Sukedhara, Kathmandu, Nepal, Tel :+977-1-4650445, 4650446
Fax : +977-1-4650447, E-mail: worldview.internationalhr@gmail.com

## अत्यन्त जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **लिभरपुल एच.आर. शोलुशन प्रा.लि.** (श्रम इजाजत पत्र नं. १४१५/०७४/०७५) को कर्मचारी हुँ भनि विभिन्न व्यक्तिहरुले मलेसियामा वैदेशिक रोजगारको लागि पठाइदिन्छु भनि विभिन्न व्यक्तिहरुलाई भिषा आएको भनि मेडिकलसमेत गराएर रकम संकलन गरेको भन्ने जानकारी आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । निज व्यक्तिहरु हाम्रो कार्यालयको कर्मचारी नभएको र निज व्यक्तिहरुसँग कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन हुन यसै सूचनाद्वारा जानकारी गराउँदछौं । वैदेशिक रोजगारको बारेमा बुझ्न यस प्रा.लि.को आधिकारिक व्यक्तिसँग मात्र सम्पर्क गर्नुहोला । अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न र अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं । यस प्रा.लि.को नाममा कुनै अनधिकृत व्यक्तिहरुले वैदेशिक रोजगारसम्बन्धी कारोबार गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

लिभरपुल एच. आर. शोलुशन प्रा. लि.
Liverpool H.R. Solution Pvt. Ltd.
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५

# प्रादेशिक अस्पताल गौर मेसुविहीन, सेवा प्रभावित



**रौतहट/मस–** मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको गैर जिम्मेवारीको कारण प्रादेशिक अस्पताल गौरको सेवा प्रभावित हुँदै गएको छ। प्रादेशिक अस्पतालको मेडिकल सुपरिटेन्डेन्टको विवादको कारण प्रमुखविहीन भएका कारण अस्पतालमा कार्यरत रहेका चिकित्सकहरु विगत तीन महिनादेखि तलव, भत्ता पाउनबाट समेत वञ्चित भएको छन्।

प्रादेशिक अस्पतालमा राजनीतिक विषय प्रवेश गरेको कारण पछिल्लो समय बिरामीहरुको भीड लाग्ने अस्पतालमा मेसु सरुवाको विषय लिएर विवाद सृजना भएपछि उपचार गराउन आउने बिरामीको चाप समेत घटेको छ।

कार्यालय प्रमुख नहुँदा स्वास्थ्यकर्मी तलब भत्ता पाउन नसकेको र मन्त्रालयले मेसुको टुंगो लगाउन समेत नसकेको अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष मोहमद अनवर हासमीले बताए।

गौर अस्पतालप्रति आम नागरिकको रहेको अविश्वासलाई चिर्दै उपचारको वातावरण बनाउन प्रयास गरेको र सेवा प्रवाहमा सुधार ल्याएको बेला प्रदेश सरकारले गरेको चलखेलले फेरि अस्पताललाई पहिलाको अवस्थामा फर्काएको गुनासो अध्यक्ष हासमीको रहेको छ।

मेसुको विवाद समाधान गर्न पटक-पटक ध्यानाकर्षण गराउँदा पनि सम्बन्धित मन्त्रालय तथा मुख्यमन्त्री कार्यालयले कुनै चासो देखाउन नसकेको आरोप उनको छ।

कार्यालय प्रमुख नहुँदा अस्पतालको प्रशासनिक कार्य प्रभावित भएको बताउँदै अध्यक्ष हासमीले कर्मचारीको व्यवस्थापन छिटो गर्नको लागि आग्रह समेत गरेका छन्।

प्रादेशिक अस्पताल गौरमा कार्यरत रहेका मेसु डाक्टर कृष्णा साहको सरुवा गरेर डाक्टर संजीव सिंहलाई पठाएको र पछि गएको कात्तिक महिनामा फेरि डाक्टर सिंहलाई सरुवा गरेर डाक्टर साहलाई मेसुको रुपमा मन्त्रालयले पठाएपछि डाक्टर सिंहले मुख्यमन्त्री तथा स्वास्थ्य मन्त्री र मन्त्रालयलाई विपक्षी बनाएर उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमा रिट दायर गरेपछि अस्पताल मेसुविहीन भएको छ।

रिट दायर गरेका डाक्टर सिंह बढुवा भएपछि पनि मन्त्रालयले पदस्थापन नगरेको बुझिएको छ। कार्यालय प्रमुखविहीन भएको कारण अस्पतालमा दिइने औषधिको अभाव भएको छ। उपचार गराउन आउने बिरामीहरु निजी अस्पतालमा चर्को शुल्क तिरेर उपचार गराउन बाध्य भएका छन्।

आकस्मिक कक्षका इन्चार्ज स्वास्थ्यकर्मी राजेश सिंहका अनुसार ग्लब्स पनि उपलब्ध नरहेकोले तत्काल उपचार गर्न समस्या हुने गरेको छ। तीन महिनादेखि तलव, भत्ता, आइसीयू भत्ता नपाएको भन्दै कार्यरत ११ जना चिकित्सकले माघ ७ गतेदेखि तालाबन्दी गरेर आन्दोलन गर्ने चेतावनी समेत दिएका छन्।

डाक्टर फिरोज, डाक्टर विक्रान्त मेहता, उज्वल ठाकुर, गोपाल गुप्ता, डाक्टर अमित कुमार चौधरी, रन्जन ठाकुर, परशुराम यादव, चन्दन कुमार सहनी, शेखर जायसवाल र डाक्टर नविन सागर यादवले संयुक्त रुपमा विज्ञप्ति जारी गर्दै यस्तो चेतावनी दिएका हुन्।

# मेलम्चीको पानीको गुणस्तरमा शंका नगर्न मन्त्रालयको अपिल



**काठमाडौं/मस–** पछिल्लो पटक गत सोमबारदेखि काठमाडौंमा वितरण शुरु भएको मेलम्चीको पानीको गुणस्तरमा शंका नगर्न खानेपानी मन्त्रालयले सबैमा अपिल गरेको छ।

खानेपानी मन्त्रालयका सहसचिव तथा प्रवक्ता मीना श्रेष्ठले एक सूचना प्रकाशित गरी मेलम्चीको पानी विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम शुद्ध भएको र मेलम्चीको पानी प्रशोधन गरेर शुद्ध पारेपछि उपभोक्ताको धारामा वितरण गरिएको भन्दै पानीको गुणस्तरीयतामा शंका नगर्न आग्रह गरेकी हुन्।

'मेलम्ची खानेपानी आयोजनाको प्रशोधन केन्द्र सुन्दरीजलमा विश्व स्वास्थ्य संगठनको मापदण्डबमोजिम प्रशोधन गरी प्रसारण गरिएको छ। पुराना पाइप लाइनहरु लामो समयसम्म सञ्चालन नहुँदा पाइपमा रहेको माटोको अवशेषका कारण पानी वितरणका क्रममा केही समय पानी धमिलो आउनसक्ने भए पनि 'फ्लसिङ' सँगै क्रमसः सफा पानी प्रवाह हुने भएकाले खानेपानीको गुणस्तरमा शंका नगर्न र बाहिरी हल्लाको पछि नलाग्न मन्त्रालय र मन्त्रालय मातहत खानेपानी उत्पादन र वितरणसँग सम्बन्धित निकायहरु सबैमा हार्दिक अपिल गर्दछ', मन्त्रालयद्वारा प्रकाशित उक्त सूचनामा उल्लेख गरिएको छ।

पछिल्लो पटक सोमबारदेखि वितरण गरिएको मेलम्चीको पानी धमिलो आएको र यसको गुणस्तरमा शंका लागेको भन्ने समाचार आएपछि मन्त्रालयले यो अपिल गरेको हो।

यसैबीच, मेलम्ची खानेपानी वितरणको समस्या समाधानका लागि सरकारले सहजीकरण समिति गठन गरेकाले कुनै समस्या भएमा सो समितिमा खबर गर्नसमेत सो सूचनामा आग्रह गरिएको छ। मेलम्ची आयोजनाबाट दैनिक १७ करोड लिटर पानी काठमाडौंमा वितरण गर्ने सरकारको लक्ष्य रहेको जनाइएको छ।

## डम्फु पार्क निर्माण आयोजनाको लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) को सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशन मितिः२०८०/१०/०४)**

बागमती प्रदेश, काठमाडौँ जिल्ला, नागार्जुन नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वय गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि, सीतापाईला, काठमाण्डौ<br>फोनः+९७७-०१-५३७५५४०, ०१-५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np |
| प्रस्तावको व्यहोरा | बागमती प्रदेश काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं ६ अन्तर्गत डम्फु पार्क निर्माण आयोजना |
| प्रभाव पर्ने सक्ने जिल्ला र नगरपालिका | काठमाडौँ/नागार्जुन नगरपालिका वडा नं ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी याकिन गर्नका लागि वातावरणीय सवालबारे राय-सुझाव संकलन गर्नुपर्ने भएकाले स्थानीय जनता, संघ-संस्थाको प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनिधिहरुका बीच संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन बारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ।

**सार्वजनिक सुनुवाई हुने स्थान, मिति र समयः**
**मिति : २०८०/१०/१४, आइतबार**
**समय : दिउँसो ३:०० बजे**
**स्थान : आयोजना स्थल**

| आयोजकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि सीतापाईला, काठमाडौँ<br>फोनः+९७७-०१-५३७५५४०,०१-५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np | अक्षता ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.<br>नागार्जुन नगरपालिका-१, काठमाडौँ<br>बागमती प्रदेश<br>फोन नः ९८०३५८७८७६<br>इमेलः akchhetaengineeringconsultancy@gmail.com |

## OMAN मा रोजगार | कम्पनी : NESTO HYPERMARKET LLC

पूर्व स्वीकृत मितिः २०७९/०९/०६ चलानी नं.: ६०१९३६०० L.T. No.: 278085

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bread And Pastries Saleman | 14 | 0 | स. काममा दक्ष | 130 | ४४,९९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Children Clothes Salesman | 11 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 3. | Cook General | 7 | 0 | | 150 | ४४,९९० | | | | | | | |
| 4. | Electrical Household Appliances Salesman | 14 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 5. | Household Utensils And Equipments Salesm | 19 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 6. | Household Utensils Salesman | 1 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 7. | Loading And Unloading Worker | 17 | 0 | | 120 | ४४,९९० | | | | | | | |
| 8. | Men Clothes Salesman | 1 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 9. | Ready Made Clothes Sales | 15 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 10. | Rugs And Carpets Salesman | 16 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 11. | Shoes Salesman | 13 | 0 | | 130 | ४४,९९० | | | | | | | |
| 12. | Sporting Clothes Sales | 19 | 0 | | 130 | ४४,९९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ १२ र २१ गते (26 Jan & 4 Feb 2024) मा हुनेछ।**
**अन्तर्वार्ता टाइम्स होटल, विर्तामोड, झापामा २०८० माघ १४ गते (28 January 2024) मा हुनेछ।**
**अन्तर्वार्ता गोकर्ण रिसोर्ट बालिया मोरङ, सुनसरीमा २०८० माघ १५ गते (29 January 2024) मा हुनेछ।**
**अन्तर्वार्ता ग्लोबल होटल नारायणघाट, चितवनमा २०८० माघ १७ गते (31 January 2024) मा हुनेछ।**
**अन्तर्वार्ता रोज पार्टी प्यालेस, रूपन्देहीमा २०८० माघ १९ गते (2 February 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३, ९८२३३०१०३५
Jhapa: 981401300 | 9801427301 | 9801427304, Butwal: 9802676987 | Chitwan: 056- 512369 | 9761890793 | 9766487846 | 9703397256 | 9767215554
Itahari: 9816368105 | 9810591900

## यूएईमा रोजगार | कम्पनीः D FORCE SECURITY SERVICES L.L.C

शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०३/१० चलानी नं.: ६०२०३७९० L.T. No.: 288431 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1200 | ४३,३३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**New Sambriddhi Overseas Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ६११/०६२/०६३
Airport, Manpower Bazar, kathmandu, Tel: 01- 4112990 / 4112991
Fax : 01-4475670, Email: sambriddhinew@gmail.com, 9818081225

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AWTAD NAJD TRADING.CO शहरः Saudi Arabia, Al Zulfi
पुर्व स्वीकृत मितिः २०८०/०५/१२ चलानी नं.: ६०२०७६४१ L.T. No.: 291744 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Heavy Truck Driver | 4 | 0 | | 1900 | ६७,१८४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

**AL SAMIT MANPOWER P. LTD.**
**अल समित म्यानपावर प्रा.लि.**
श्रम ईजाजत पत्र नं. ४१५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्सः नं. ४३८१३६४
ISO 9001 certified company
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय इटहरी, सुनसरीको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/०४ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरी, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंक संग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने सांवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋण कर्जाहरुको सुरक्षण बापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरीएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ ११ गते बिहीबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय इटहरी, सुनसरीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ। धितोमा रहेको चल अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीको विवरणः**
प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग बिभाग, घरेलु तथा साना उद्योग कार्यालय सुनसरीमा मिति २०७३/११/०३ मा प्रा.फ.र.नं. ५४१५/२०७३/०७४ कायम भई दर्ता रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. ०१ स्थित रजिष्टर्ड कार्यालय रहेको **एस कलेक्सन** (स्थायी लेखा नम्बरः ६०५७४३०४७, जारी मिति २०७४/०७/१४)।

**प्रोप्राइटरको विवरणः**
१. टिकाराम ओली/हिमादेवी ओलीको नाति, हरी प्रसाद ओली/शिवमाया ओलीको छोरा, रोशना बोगटीको पति, झापा जिल्ला कोहवरा गा.वि.स., वडा नं. ०२ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं ०६ बस्ने **राम प्रसाद ओली** (ना.प्र.नं. ४९८५६१७९, जारी मिति २०५८/१०/१८, जिल्ला प्रशासन कार्यालय झापा)।

**व्यक्तिगत जमानीकर्ताको विवरणः**
१. कृष्ण बहादुर बोगटी/श्यामा सुन्दरी बोगटीको नातिनी, रोशन बोगटी क्षेत्री/विष्णु माया बोगटीको छोरी, हरी प्रसाद ओली/शिव माया ओलीको बुहारी, राम प्रसाद ओलीको पत्नी, भक्तपुर जिल्ला, मध्यपुरठिमी गा.वि.स., वडा नं. १५ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, इटहरी उ.म.न.पा., वडा नं. ०६ बस्ने **रोशना बोगटी** (ना.प्र. नं. २९-०१-०६७-०२८२८, जारी मिति २०६७/०५/०७, जिल्ला प्रशासन कार्यालय भक्तपुर)।

**लिलाम हुने सम्पत्तिको विवरणः**
१. **राम प्रसाद ओली**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ११ स्थित कित्ता नं. १६७ को क्षेत्रफल जम्मा ७८९.२५ (व.मी.) रहेको जग्गा तथा साको सम्पूर्ण लिगलगापातहरु समेत।
२. **राम प्रसाद ओली**को नाममा मालपोत कार्यालय, ईनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, ईटहरी उ.म.न.पा. वडा नं. ०२ स्थित कित्ता नं. १४६६, १४६७, १४६४ र १४६५ को क्षेत्रफल क्रमश ०-०-११.५-०, ०-०-९-०, ०-०-९-० र ०-०-१२.७५-० (बि.क.धु.क) रहेको जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।
३. धनी कुमारी बैक लि.र ऋणी **एस कलेक्सन** कायम भई बाग्मती अञ्चल यातायात व्यवस्था कार्यालय एकान्तकुनामा दर्ता कायम भएको इञ्जिन नं. G4FLMV115881, च्यासिस नं. MZBEU812TMN197576, सवारी नं. प्रदेश ३-०१-०२४ च ७७२७, को KIA Seltos थान १।

**शर्तबन्देजहरुः**
१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ औं दिन अर्थात मिति २०८० माघ १० गते** भित्र बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा कार्यालय समय भित्र प्राप्त भई सक्नुपर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरी, सुनसरीबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गा/गाडीको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ ११ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा बैंकको शाखा इटहरी, सुनसरीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय इटहरी, सुनसरीमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

**बोलपत्र खोलिने मिति २०८० माघ ११ गते बिहीबार अपरान्ह ३:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
**शाखा कार्यालय इटहरी, सुनसरी, फोन नं. ०२५-५८६६५९,०२५-५८६६६१**




मध्यान्ह
www.madhyanhadaily.com
४ माघ २०८०, बिहीबार
18 January 2024, Thursday

सम्पादकीय

# त्यो मधेश आन्दोलन...


अघिल्लो वर्षहरू जस्तै यसपटक पनि बुधबार मधेश प्रदेश सरकारले बलिदानी दिवस मनाएको छ । २०६३ सालको अन्तरिम संविधान जलाएर राष्ट्रिय राजनीतिमा उदाएका उपेन्द्र यादव नेतृत्वको पार्टीले लगातार मधेश सरकारको नेतृत्व गरिरहेकाले बलिदानी दिवसले पनि निरन्तरता पाउँदै आएको छ । २०६३ साल ३ माघमा सिरहाको लहानमा प्रहरीको गाली लागेर आन्दोलनकारीको मृत्यु भएपछि मधेश आन्दोलन उठेको थियो । त्यही आन्दोलनको जगमा यादवले मधेशी जनाधिकार फोरमलाई पार्टीको रूप दिए । त्यो पार्टी नेपालको संविधान बनाउँदा एक महत्वपूर्ण शक्ति रह्यो । ३ असोज २०७२ मा संविधानसभाबाट जारी संविधानमा गणतन्त्र, संघीयता, समानुपातिक समावेशिता जस्ता अन्तर्वस्तुले स्थान पायो । त्यही अन्तर्वस्तुलाई यादवले मधेश आन्दोलनको उपलब्धि भनिरहेका छन् ।

आफ्नो राजनीतिक उदय गर्ने घटना समेत रहेको ३ माघलाई यादव नेतृत्वको पार्टीले बलिदानी दिवस भन्ने गरेका छन् । २०७४ पछि लगातार मधेश प्रदेशको सरकार चलाइरहेको यादव नेतृत्वको पार्टीले बलिदानी दिवस मनाइरहँदा मधेशका जनता र मधेश आन्दोलनमा ज्यान गुमाउनेहरूलाई बिर्सिएको आरोप लाग्दै आएको छ । हुनपनि लगातार पार्टीको नाम फेरिरहेका यादवकै गतिविधि र निर्णयहरू पनि मधेशका जनताबाट टाढा हुँदै गएको देखिन्छ । मधेशी जनाधिकारी फोरम, संघीय समाजवादी फोरम हुँदै यादवले अहिले जनता समाजवादी पार्टी (जसपा) को नेतृत्व गरिरहेका छन् । पार्टी नाम फेरिरहँदा यादवले सहकर्मीहरू पनि निरन्तर बदल्दै आएका छन् । अरू मधेश केन्द्रित शक्तिहरूको प्रवृत्ति पनि यादवकै जस्तो छ ।

मधेश केन्द्रित शक्तिहरू जनताबाट टाढा पुगेको प्रमाण त गत वर्ष सम्पन्न चुनावबाटै पुष्टि भयो । यादव स्वयंले चुनाव हारे भने अर्को दल लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) ले थ्रेस होल्ड कटाएर राष्ट्रिय दल समेत बन्न सकेन । अहिले लोसपा आन्तरिक विवादमा फसेको छ । नयाँ शक्तिका रूपमा सिके राउत नेतृत्वको जनमत पार्टी उदाएको छ । तर मधेशको मूल शक्ति चाहिँ नेकपा एमाले र नेपाली कांग्रेस बन्न पुगेको छ । यो भनेको २०६४ साल अगाडिको अवस्था हो । सिंहदरबारलाई धक्का दिनेगरी उदाएका शक्तिहरूको यो ओरालो यात्रा अनि मधेश आन्दोलनमा सहादत पाउनेहरूको अपमानको कारण भनेको नेताहरूको सत्ता स्वार्थ हो । मधेशको एजेण्डालाई सत्तासँग जोडेर निष्कर्ष निकाल्ने प्रवृत्तिकै कारण एमाले र कांग्रेस जस्ता परम्परागत शक्ति नागरिकको रोजाइमा परेको विश्लेषण स्वभाविक देखिन्छ । तसर्थ मधेश केन्द्रित दलहरूले मधेश आन्दोलनको भावना बुझ्न आवश्यक छ, बलिदानी दिवस मनाएर मात्रै नागरिकको मन जित्न सकिदैन ।

# राजनीतिको अपराधीकरण

धर्म-संस्कृति



● कृष्ण बेलबासे



*जब राजनीतिमा वैचारिक, आस्थावान, देश र जनताको हितप्रति प्रतिबद्ध नैतिक र इमानदार व्यक्तिहरूले स्थान पाउने वा संलग्न रहन सक्ने अवस्था रहेन तब राजनीतिमा अपराधीकरणको प्रवेश भयो । राजनीतिमा विचार र दृष्टिकोणविहीन भ्रष्ट, तस्कर, दलाल, बिचौलिया र राष्ट्रघातीहरू प्रवेश गरे । त्यसैले यतिखेर नेपाली राजनीतिमा केही अपवादबाहेक सर्वत्र अपराधीहरूले स्थान पाएका छन् ।*

'राजनीतिको अपराधीकरण र अपराधीको राजनीतिकरण' हुनेगर्छ, भन्ने राजनीतिक विकृतिसँग सम्बन्धित भनाइहरू सुन्दै आइएको थियो । तापनि राजनीति राष्ट्र र जनताको हितसँग सम्बन्धित सोंच र व्यवहार हुने भएकोले त्यसलाई कसरी अपराधसँग जोड्न मिल्छ ? पंक्तिकार नै स्कूले जीवनदेखि राजनीतिप्रति आबद्ध हुन पुगेकोले व्यक्ति राजनीतिक सोंचयुक्त होस् वा सोंचबिहीन उसले अपराध कर्म गऱ्यो भने अपराधी हुनसक्ला, तर राजनीति गर्नु कसरी अपराध हुनसक्छ ? भन्ने लाग्दथ्यो । हुनत देशमा झण्डै ३० वर्ष जति निर्दलीय पञ्चायती व्यवस्था कायम रह्यो र सो अवधिमा दलीय राजनीति गर्नुलाई राष्ट्र विरोधी कार्य र त्यस्तो राजनीतिमा संलग्नहरूलाई अराष्ट्रिय तत्वको रूपमा आरोपित गर्ने गरिन्थ्यो । त्यसो भन्ने गरिए तापनि दलीय राजनीतिमा लाग्नुलाई प्रजातान्त्रिक एवम् निरंकुशता विरोधी अभियानको रूपमा लिँदै देशमा समाजवादी व्यवस्था कायम हुन सके देश र जनताको हित संरक्षण हुनसक्ने थियो भन्ने सोंचसहित जीवनको चार दशक जति समय राजनीतिमा आबद्ध रहेर बिताउन पुगिएछ । पञ्चायती शासनकाल कायम रहँदासम्म राजनीतिक दलका नेता भनाउँदाहरू भूमिगत र स्व-निर्वासित जीवन बिताउने गर्दथे । देशभित्रै बसेर राजनीतिमा सघाउनेहरूसँग तिनीहरूको प्रत्यक्ष र लामो सम्बन्ध रहँदैन्थ्यो । तापनि जतिबेला नेता भनाउँदाहरूसँग भेटघाट र सम्पर्क हुन्थ्यो, त्यतिबेला तिनका स्वार्थी र गलत व्यवहारको बारेमा भन्दा तिनको सुरक्षा र तिनले ओकल्ने फोस्रा अभिव्यक्तिहरू प्रति बढी सरोकार रहने गर्दथ्यो । यसो हुँदाहुँदै पनि चाहे भूमिगतकालीन रहुन्, चाहे २०४६/४७ र २०६३/६४ सालको परिवर्तनपश्चातका नेता भनाउँदाहरूलाई देश र जनताको अवस्था सुधारप्रति सचेत तुल्याउने कुरामा आफ्नो विशेष जोड रहने गऱ्यो ।

तर राजनीतिक नेतृत्व गर्नेहरूको जोड भने आफ्नो नीजि र पारिवारिक स्वार्थपूर्तिका निम्ति आफूलाई खर्च र शक्ति जुटाईदिने विदेशी मालिक एवम् आफ्नो भ्रष्ट कार्यशैलीलाई समर्थन गर्ने स्वदेशी दलालहरू प्रति बढी हुने रहेछ । यो कुरामा प्रष्ट हुन सकेपछि राजनीति र राजनीतिक दलहरूप्रति सम्बन्ध बिच्छेद गरेर स्वतन्त्ररूपमा रहने अवस्था हुने रहेछ । देशमा यतिबेला राजनीतिको नाउँमा जे जस्ता राष्ट्रघाति, जनविरोधी एवम् अपराधिक हर्कतहरू भइरहेका छन्, तिनलाई हेर्दा आफूलाई ढिलै भएपनि अपराधमुक्त तुल्याउन सकिएको कुरामा गर्व लाग्दछ । तर जब राजनीतिक दलका बिगत एवम् वर्तमानका कर्तुतहरू एकपछि अर्को गरी प्रकट हुँदै जान्छन्, त्यतिबेला जानी नजानी राजनीतिक अपराध कर्ममा आफ्नोसमेत अप्रत्यक्ष संलग्नता रहेको अनुभूतिसँगै त्यस्ता कुरा यतिबेला देश र जनता बिरोधी कार्य प्रमाणित हुनपुगेको कुरा देख्दा आत्मग्लानी लाग्दछ ।

अब यहिनेर प्रश्न उठ्न सक्छ, राजनीति कसरी अपराध कर्म हुनसक्छ त ? निश्चय पनि, राजनीति आफैमा दुष्कर्म वा अपराध भने होइन । तर जब कुनै व्यक्ति वा समूहले राजनीतिक वा वैचारिक मनसाय वा उद्देश्यसहित राजनीतिक आदर्श र नैतिकतालाई त्यागेर गलत क्रियाकलाप सञ्चालन गर्न थाल्दछ, त्यतिबेला राजनीतिले अपराधिक स्वरूप धारण गर्न पुग्दछ । अझ अपराध कार्य गर्नु मात्र नभएर आफ्नो उच्च लक्ष्यका निम्ति बनाइने त्यस किसिमको सोंच र धारणाले पनि राजनीतिक अपराधलाई दर्शाउँछ । राजनीतिक अपराधलाई विपक्षी अपराध (सरकारविरुद्धको अपराध) र राज्यको अपराध (सरकारद्वारा गरिने अपराध) गरी दुईरूपमा हेर्न सकिन्छ । विपक्षी अपराधअन्तर्गत राज्यविरुद्धका हिंसात्मक गतिविधि, जासूसी, राजद्रोह र आन्तरिक वा बाह्य आतंक जस्ता कुराहरू पर्दछन् भने, राज्यको अपराधअन्तर्गत भ्रष्टाचार, मानव अधिकारको उल्लंघन, राज्यको संगठित अपराध र राज्यद्वारा हुने हिंसात्मक क्रियाकलाप जस्ता कुराहरू पर्दछन् । यसरी राजनीतिक वा सामाजिक सुव्यवस्था विपरीत हुने गैरकानूनी वा असामाजिक खालका क्रियाकलापहरूलाई राजनीतिक अपराधको रूपमा हेर्न सकिन्छ । नेपालमा यतिबेला शासक बनेकाहरूले लामो समयदेखि राजनीतिक अपराध कार्य मात्र गरिरहेका छन् भन्ने कुराको प्रमाणका लागि धेरै मेहनत गर्नु पर्दैन । नेपाली जनताले भोगेको ३० वर्षे पञ्चायती व्यवस्था र झण्डै ३४ वर्षदेखि जारी बहुदलीय व्यवस्थाले जनताको अवस्था र मुलुकको हैसियतमा पुऱ्याएको नोक्सानीलाई हेर्दा सो कुरो प्रष्ट हुन आउँदछ ।

अप्रजातान्त्रिक एवम् निरंकुश शासन व्यवस्था हुँदाहुँदै पनि पञ्चायतकालमा शासकहरूलाई आफ्नो स्वार्थपूर्ति मात्र नभएर देशको अस्तित्व र जनताको हित संरक्षणका निम्ति प्रयत्नशील रहनुपर्दछ भन्ने चेत थियो । यो कुरा शीतयुद्धकालमा मुलुकको अस्तित्वलाई जोगाउने कुरासँगै औद्योगिक पहलहरू गर्दै देशको आर्थिक अवस्थामा सुधार र अन्तर्राष्ट्रिय छवि बढाउने जस्ता कार्यहरूले प्रष्ट्याउँछन् । त्यतिबेला शासक प्रशासकहरू भ्रष्टाचार गर्न र कानूनको उल्लंघन गर्न अलि डराउँथे । तर, यतिबेला अपराध र कानूनको उल्लंघन गर्ने कुरालाई क्रान्तिकारिता, क्षमता र दक्षताको रूपमा हेर्ने गरिन्छ । यस किसिमका आपराधिक कार्यमा संलग्न कुपात्रहरूलाई अपराध नियन्त्रणसँग सम्बन्धित निकायहरू- प्रहरी, अनुसन्धान आयोग र न्यायालयसम्मले संरक्षण प्रदान गर्दछन् । शासक एवम् प्रशासकहरूले जसरी आपराधिक कर्महरू गरिरहेका छन्, त्यो राजनीतिक अपराध हो । अहिले सत्तामा रहेका होउन् वा विपक्षमा रहेका राजनीतिक दलहरू तिनको इतिहासलाई हेर्दा, त्यसको नेतृत्व लिएका पात्रहरू विपक्षी र राज्य (सरकार)को (अपराध) दुवै खाले अपराधमा संलग्न पात्रहरू हुन् भन्ने स्पष्ट हुन आउँछ ।

उदाहरणको लागि, २००७ साल (२०१८सालको समेत) को सशस्त्र संघर्षसँगै सरकारको समेत नेतृत्व लिएको कांग्रेस पार्टीका नेताहरू भारतद्वारा पोषित र परिचालित पात्रहरू रहेछन् । यद्यपि आफू र आफ्नो पार्टीको त्यस किसिमको गल्तीलाई कांग्रेस नेता विपी कोइरालाले घोषितरूपमा नभए तापनि व्यवहारिकरूपमा (भारत सरकारको दवाबका बावजूद देश फर्किएर आफूलाई दण्डित गर्न राजासँग एक भएर पनि राष्ट्र जोगाउन अघि बढ्ने प्रण) स्वीकार गरेको देखियो । तर, विपीको मृत्युपछिको कांग्रेस (जेठो छोरा प्रकाश कोइराला बाहेक उनकै परिवारका सदस्यसमेत)ले पुरानै नीतिलाई अझ नग्नरूपमा अंगाल्दै अघि बढेर देशलाई उद्योगधन्दा बिहीन तुल्याउँदै पराधिनसम्म बनाउन पुग्यो ।

देशमा वर्गशत्रु खत्तम पार्ने आन्दोलन (झापा आन्दोलन)का नाउँमा व्यक्ति हत्यालाई राजनीतिक कर्म बनाएका नेकपा (माले) पार्टीका पात्रहरूलाई 'जनताको बहुदलीय जनवाद'को खास्टो ओडाएर विदेशीहरूको पहलमा पुनर्स्थापित संसदीय राजनीतिमा भित्र्याएका एमाले नेता मदन भण्डारीको हत्यापछि उक्त पार्टी विदेशीद्वारा सञ्चालित आईएनजिओ महासंघको रूपमा परिणत हुनपुग्यो । ०४६/४७ सालको परिवर्तन लगत्तै कहिले सरकार त कहिले प्रतिपक्षी भूमिकामा रहँदै आएको एमाले पार्टी बहुदलीय जनवादको आडमा भ्रष्टाचार, राष्ट्रघात र जनघात जस्ता आपराधिक कुकर्महरूमा कांग्रेसको प्रतिष्पर्धी हुने बाहेक अरु केही बन्न सकेन ।

त्यससँगै जनयुद्धको नाउँमा दश वर्षे सशस्त्र युद्ध चलाएर आएको नेकपा (माओवादी)को एउटा समूह २०६४ साल देखि नै सत्ता लिप्साका निम्ति जस्तोसुकै राजनीतिक (सरकारी)अपराधमा सहभागी बन्दै आएको छ । २०४६/४७ सालको परिवर्तनपश्चात् राजनीतिक अपराधमा संलग्न कांग्रेस/एमालेको बिकल्पको रूपमा देखिएर जनयुद्धको नाउँमा जघन्य राजनीतिक अपराध (प्रतिपक्षी) गरेको उक्त पार्टी यतिखेर उनैसँग मिलेर राजनीतिक अपराधमा संलग्न रहेको छ । कथित शान्ति प्रक्रियालाई गति दिएको झण्डै १७ वर्ष पुगिसक्दा पनि संक्रमणकालीन न्यायिक प्रक्रियालाई सम्पन्न तुल्याउने विषयमा खासै ध्यान नदिएको कुराले पनि यी दलहरूको जोड राजनीतिक अपराधलाई संरक्षण र निरन्तरता दिनुमा रहेको छ भन्ने कुरालाई प्रष्याउँछ । आफ्नो उक्त अभियानलाई निरन्तरता दिन ती दलहरू जुनसुकै विदेशी शक्ति सामू आत्मसमर्पण गर्न तयार रहेको पाइन्छ ।

देशमा राजनीतिको अपराधिकरण भएपछि सो कर्ममा वैचारिक आस्थावान, देश र जनताको हितप्रति प्रतिबद्ध नैतिक र इमान्दार व्यक्तिहरूले स्थान पाउने वा संलग्न रहन सक्ने अवस्था रहेन । फलतः अपराधीको राजनीतिकरण हुने भयो अर्थात् राजनीतिमा विचार र दृष्टिकोण बिहीन भ्रष्ट, तष्कर, दलाल, बिचौलिया र राष्ट्रघातीहरूले स्थान पाउने भए । त्यसैले यतिखेर नेपाली राजनीतिमा केही अपवाद बाहेक सर्वत्र अपराधीहरूले स्थान पाएका छन् । यस कुराको प्रमाण/आधार सरकार, प्रशासन (सामान्य प्रशासन, न्याय, सुरक्षा, परराष्ट्रलगायत सबै क्षेत्रहरू)सँगै राजनीतिक दलको नेतृत्व जस्ता क्षेत्रहरूमा उच्च स्थान ओगटेका व्यक्तिहरू उपर लाग्ने गरेका अभियोग/आरोपहरूसँगै त्यस्ता कुपात्रहरूलाई जोगाउन सरकार, प्रशासन र दल संचालकहरू बिच हुने गरेका सहमति र सहकार्यलाई गम्भीरतापूर्वक हेर्दा फेला पार्न सकिन्छ । यसले देशको राजनीति पूर्णरूपेण अपराधिकरण हुन पुगेको कुरालाई प्रष्ट्याउँछ । यी सबै हर्कत क्रान्ति, परिवर्तन, लोकतान्त्रिकरण, समाजवाद उन्मूख अभियान जुनसुकै आवरणमा भएको भए तापनि राजनीतिक अपराध बाहेक केही होइनन् ।

यस सन्दर्भमा अर्को महत्वपूर्ण प्रश्न हो, देशमा राजनीतिको अपराधिकरण भएको छ ? अब त्यसलाई रोक्ने वा सो अवस्थामा सुधार ल्याउने कुरोको के र कति सम्भावना छ त ? निश्चय पनि, देशको राजनीतिलाई प्रजातान्त्रिक/लोकतान्त्रिक, समाजवादी/साम्यवादी अभियानको रूपमा अपराधीकरण गरिएको कुरा प्रष्ट भएको छ । देशको सरकार, प्रशासन र राजनीतिका सञ्चालक वा परिचालकहरू मध्ये अत्याधिक संख्यामा अपराधीहरू रहेका छन् । देशको समग्र क्षेत्रमा राजनीतिक भरौटेहरूको कब्जा रहेको छ । त्यसैले त्यसमा नियन्त्रण र सुधारको सम्भावना कम रहेको पाइन्छ । यसो हुँदाहुँदै पनि आफूले लाज मान्ने वा गल्ति स्वीकार गर्नुको सट्टा कसैले सो कार्यको बिरोध गऱ्यो भने त्यसलाई प्रतिगामीको आरोप लगाउने, त्यस्ता व्यक्तिको हत्या गर्ने सम्मको धम्की दिने, तीमध्ये कोही आफू जस्तै रहेछ भने त्यसलाई प्रलोभन दिएर फसाउनेसम्मका हत्कण्डाहरू अपनाउने गर्दछन् । यसो हुँदाहुँदै पनि दलका केही नौटंकीबाजहरूले त अब आफ्नो दलले नयाँ दिशा वा सुधारको मार्ग अपनाउने भएको छ भन्नेसम्मका अभिव्यक्तिहरू दिने गरेका छन् । यो अरु केही नभएर विकसित घटनाक्रमले आफूहरू विरुद्धको अभियानलाई सघाउन सक्ला भन्ने कुराबाट जोगिन जनताको आँखामा छारो हाल्ने कार्य मात्र हो । यसो किनभने, एक त अब कथित संसदीय लोकतन्त्रलाई आपराधिक स्वरूप प्रदान गरेर आफ्ना आपराधिक कर्महरूलाई राजनीतिक मान्यता दिलाएकाहरू सुध्रिनु भनेको 'गधालाई नुहाई दिएर गाई बनाई दिने' भन्नु जस्तो मात्र हो । दोश्रो कुरा, यो देशका दलका नेता भनाउनेहरूलाई आपराधिक स्वरूप प्रदान गरेर तिनैलाई शासनसत्तामा कायम राखी राख्न सकियो भने एकातिर दलीय दलाल (तिनका कार्यकर्ता र समर्थक)हरू सिक्किमीकरणको बेला जस्तै देश नै विदेशीलाई सुम्पन तयार हुनेछन् । अर्कातिर, देशमा राजनीति नै आपराधिक कर्म भएको र त्यो अवस्थामा सहजरूपमा परिवर्तन सम्भव नहुने देखेपछि जनताहरू यो अवस्था सहिरहनु भन्दा देश नै विदेशीले लगे पनि केही फरक पर्नेछैन भन्ने सोंचमा पुग्नेछन् । जुन कुराले नेपाललाई सिक्किमीकरण/नव औपनिवेशिकरण गर्न सहज हुनेछ भन्ने विदेशी योजना रहेको छ । तेश्रो कुरा, नेपालमा कृषि, उद्योग जस्ता उत्पादनका श्रोतहरूलाई राजनीतिक परिवर्तनको नाउँमा ध्वस्त तुल्याइयो । अब यहाँ श्रम गरेर बाँच्न सक्ने अवस्था रहेन । त्यससँगै रोजगारीको निम्ति अपराधीको दलाल बन्नु बाहेक योग्यता, क्षमता र दक्षताको कामै भएन । यस्तो दुःख भोगेका युवाहरू विदेशिन बाध्य हुनु परिरहेको छ । कुरो यत्ति मात्रै नभएर राजनीतिक अपराधीहरूले आफूहरूले अपराध कर्म गरेर आर्जेको धन सम्पत्ति विदेशमा लगेर राख्ने र सो खर्च गर्न आफ्ना सन्तानहरूलाई विदेशमा पठाउने गरेका छन् । यसरी के देखिन्छ भने अब नयाँ पुस्ता सामु बाबू-आमा वा संरक्षकहरू राजनीतिक अपराधी भइदिए आर्जित सम्पत्तिको उपभोग गर्न विदेश जानपर्ने, केहीगरी आफूहरू विदेश नजाने भए राजनीतिक अपराधीको मतियार भएर बस्नुपर्ने, त्यस्तो आपराधिक पुस्तामा जन्मन नसक्नेले देश मै बस्ने भए दासत्व र सो सहन नसके रोजगारीका निम्ति विदेशिन बाध्य हुनुपर्ने जस्ता विकल्पहरू मात्र रहेका छन् । यो भनेको सामान्य र सहज अवस्था अवस्थै पनि होइन ।

**(लेखक वरिष्ठ अधिवक्ता हुन् ।)**

## सामाजिक सञ्जाल



**- रमेशनाथ पाण्डेय**

कलेजहरू विद्यार्थी नपाएर बन्द हुने अवस्थामा तर, यो वर्ष उच्चशिक्षाको लागि २८ अर्ब रुपैयाँ विदेशिएको छ । पछिल्लो वर्ष एमबीबीएसको लाईसेन्स परीक्षामा दुई हजार २२२ जना उत्तीर्ण भए, तर दुई हजार ३१८ जना चिकित्सकहरू विदेशिए । मातृभूमि छाडेर विदेशिने लर्को र प्रतिभा पलायनप्रति किन नेतृत्व निरपेक्ष ?



**- सुर्यराज आचार्य**

केही अपवाद बाहेक राजनीतिक दललगायत समाजको सबै जसो बर्चस्वशाली समूहले पाइला-पाइलामा कर्तव्य भुलेको छ, राष्ट्र र समाजप्रति बेइमानी गरेको छ । यसले गर्दा समाजमा अविश्वासको मनोविज्ञान विकास भएको छ । 'नेगेटिभिजम् भयो' भनेर गुनासो गर्नुभन्दा 'किन भयो' भनेर सबैले सोच्नुपर्ने बेला ।



**- निर्मल प्रसाईं**

यहाँ माइतीघरमा निषेधाज्ञा लगाइएको छ, यहाँ टिकटकमा निषेधाज्ञा लगाइएको छ, यहाँ सुन तस्करी प्रकरणमा बोले गणतन्त्रविरुद्ध हुन्छ, यहाँ एनसेल करछलीविरुद्ध बोले व्यवस्थाविरुद्ध हुन्छ, यहाँ नक्कली भुटानी शरणार्थी प्रकरणविरुद्ध बोले संघीयताविरुद्ध हुन्छ । तर पनि यो लोकतन्त्र हो ।



**- बद्री बिनोद खनाल**

राष्ट्रिय सभाको चुनावपछि माओवादी केन्द्र नेतृत्ववाट हट्ने र कांग्रेसले नेतृत्व गर्ने कुरा आयो । कारण राष्ट्रिय सभा अध्यक्ष छ वर्ष दुहुनो गाइ रहेछ । सर्तमै छोडे पनि प्रम हुने ११ महिना मात्र हो । ११ महिनाको लागि छ वर्षको स्थायी पद माओवादी केन्द्रले किन छोड्थ्यो ?

# सामाज्यवादीको बढ्दो प्रभाव र निकास

विचार



● शम्भू कट्टेल

*अहिले विशेषतः नेपालको राजनीतिमा साम्राज्यवादी हस्तक्षेप देखिने तहमा आएको छ । यहाँका राजनीतिक शक्तिलाई आफू अनुकूल प्रयोग गर्ने र फाइदा लिने अवस्था बनेको छ । जबसम्म यो शक्तिलाई किनारा लगाइन्न तबसम्म मुलुकले निकास पाउँदैन ।*

धेरैलाई लागिरहेको यो देश कसरी स्वाभिमान बन्ला ? कसरी आत्मनिर्भर बन्ला ? कसरी समृद्ध बन्ला ? यसको सिधा र सोझो उत्तर छ, साम्राज्यवादीका लगानीमा चलेका पात्र र उनीहरूले नेतृत्व गरेको व्यवस्था रहँदासम्म यो अवस्था कायमै रहन्छ । जबसम्म उनीहरूलाई नेतृत्वबाट पाखा फालिन्न तबसम्म समस्याको समाधान हुँदैन ।

अहिले विशेषतः नेपालको राजनीतिमा साम्राज्यवादी हस्तक्षेप देखिने तहमा आएको छ । यहाँका राजनीतिक शक्तिलाई आफू अनुकुल प्रयोग गर्ने र फाइदा लिने अवस्था बनेको छ । जबसम्म यो शक्तिलाई किनारा लगाइन्न तबसम्म मुलुकले निकास पाउँदैन । कसैले उनीहरूसँगै निकासको कामना गर्दछ भने त्यो व्यर्थ हो ।

नेपालको राजनीतिमा साम्राज्यवादी शक्ति बलियोगरी स्थापित छ । क्रान्ति सफल भइहाले पनि उनीहरूले घेराबन्दीमा पार्ने निश्चित छ । नेपाललाई अप्ठ्यारो पार्न व्यापारिक सम्बन्ध तोड्ने वा आर्थिक नाकाबन्दी गर्ने, कुटनीतिकरूपमा एक्ल्याउने आदि गरेर असफल गराउने वा सत्ता फर्काउने (प्रतिक्रान्ति) काम गराउन खोज्नेछन् । अहिलेको प्रश्न त्यस्तो परिस्थिति कसरी निर्माण हुन नदिने भन्ने हो । जसबारे यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

### राजनीतिक शक्ति सन्तुलन

पहिलो कुरा त साम्राज्यवादी शक्तिहरू देखिए जस्तो शक्तिमा छैनन्, उनीहरूबीच पनि फुट छ र उनीहरूबाट उत्पीडित देशहरूले आफ्नै किसिमको गठबन्धन बनाएर उनिहरूसँग राजनीतिक तथा व्यापार सम्बन्धहरू घटाउने र उनीहरू विरुद्ध विद्रोह गरी मुक्ति आन्दोलनहरू चलाइरहेका छन् ।

दोस्रो, साम्राज्यवादी देशका खराब सत्ताधारीहरू विरुद्ध त्यहीँका न्यायप्रेमीहरूलाई उठाएर र संसारभरका न्यायप्रेमीहरूसँग ऐक्यबद्धता निर्माण गरेर त्यसमार्फत् ती साम्राज्यवादी शक्तिहरूलाई ठीक गर्न सकिन्छ । विगतका कतिपय देशका क्रान्तिहरूमा यी तरिका अपनाएर मैं हुँ भन्ने साम्राज्यवादीहरूलाई धपाइएको थुप्रै उदाहरणहरू हामीसँग छन् । देशभित्रका सेना, प्रहरी, कर्मचारीतन्त्रको एउटा हिस्सालाई आफ्नो पक्षमा ल्याउने, मध्यवर्ती र प्रगतिशील राजनीतिक शक्तिहरूसँग सहकार्य गर्ने, देशघाती, जनघाती र विभेदमुखी कामहरूका विरुद्ध व्यापक संयुक्त मोर्चा जस्ता कामहरूबाट क्रान्ति विरोधी दुई/तीन सय परिवारहरूलाई एक्ल्याएर र किनारा लगाएर राज्यसत्ता कब्जा गर्न सकिन्छ । यी तरिकाहरूद्वारा परिवर्तन विरोधीहरूलाई सत्ताबाट खसालेर न्यायप्रेमी जनताले सास फेरेको अनेकौं उदाहरणहरू छन् ।

### आर्थिक तथा व्यापारिक सन्तुलनको पक्ष

क्रान्तिपछि रिसाएका देशका सत्ताधारीहरूले आर्थिक तथा व्यापारिक नाकाबन्दी गर्न सक्छन् । त्यसको विरुद्ध स्थानीय स्तरमा समेत उत्पादनमा आधारित सामुदायिक उत्पादन तथा बजार व्यवस्थाका कामबाट आयात घटाई आत्मनिर्भर अर्थव्यवस्थामार्फत उनिहरूका नाकाबन्दीले क्षति नपुग्ने अवस्था सिर्जना गर्न सकिन्छ । कतिपय देशहरूले यो तरिकाबाट विदेशी निर्भरता घटाएको उदाहरणहरू थुप्रै छन् ।

साम्राज्यवादबाट उत्पीडित देशहरूले आफ्नै किसिमको गठबन्धन बनाएर आफू-आफूहरू बीच व्यापारिक सम्बन्धहरू बढाउँदै लगेका छन् र साम्राज्यवादीहरूसँगको राजनीतिक तथा व्यापार सम्बन्धहरू घटाउँदै लगेका छन् । नेपाल जस्तो उत्पीडित देशले पनि त्यस्ता उत्पीडित देशहरूसँग राजनीतिक तथा व्यापार सम्बन्धहरू बढाएर आफ्ना खाँचोहरू पूरा गर्न सक्दछ ।

नेपालले आफ्ना छिमेकीहरू बीचको समबन्धमा सन्तुलन मिलाएर पनि आफ्ना आवश्यकताहरू पूरा गर्न सक्छ । उदाहरणका लागि, चीनले नाकाबन्दी गरे भारतीय भूमिबाट समुद्री व्यापार गर्ने, र भारतले नाकाबन्दी गरे चिनी बन्दरगाह प्रयोग गर्न सकिन्छ ।

### क्रान्तिमा विज्ञान र कलाको उपयोग

विज्ञानको हिसाबले क्रान्ति समाजको भौतिक आवश्यकता हो भने कलाको हिसाबले क्रान्ति एउटा राष्ट्रिय र अन्तराष्ट्रिय शक्ति सन्तुलन मिलाउने खेल हो । यसमा चनाखो बन्ने हो भने क्रान्ति छीटो र कम क्षतिमा सम्पन्न गर्न सकिन्छ ।

## तपाईंको राशिफल

- मेष : दैनिक कार्यमा प्रगति हुनेछ । आध्यात्मिक यात्रा हुने योग छ ।
- वृष : प्रियजनसँग भेट हुनेछ । पारिवारिक उल्झनले तनावमा वृद्धि गर्नेछ ।
- मिथुन : आत्मविश्वास राख्नुहोला । आध्यात्मिक कार्यमा सहभागिता बढ्नेछ ।
- कर्कट : कार्यमा सफलता भएको कारण शान्तिमा वृद्धि हुने योग छ ।
- सिंह : सम्मानमा वृद्धि हुनेछ । तर, बाहिरी सहयोगमा कमी आउनसक्छ ।
- कन्या : सामाजिक कार्यमा वृद्धि हुनेछ । पराक्रम बढ्ने योग छ ।
- तुला : नयाँ सम्पर्क बन्नेछ । राजनीतिक सम्बन्धमा मजबूती आउने योग छ ।
- वृश्चिक : नयाँ साथी बन्ने योग छ । नयाँ काम मिल्ने सम्भावना छ ।
- धनु : सबै कार्यमा सावधानी राख्नुपर्छ । स्वास्थ्य कमजोर हुने योग छ ।
- मकर : सुख सुविधामा वृद्धि तथा नयाँ सम्पर्क बन्ने योग छ ।
- कुम्भ : सम्मानमा वृद्धि हुनेछ । साथीभाइबीच सुमधुर सम्बन्ध रहनेछ ।
- मीन : विरोधी सक्रिय रहनेछन् । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# गोरुसिंगे–सन्धिखर्क सडकखण्डको काम द्रुत गतिमा अगाडि बढ्दै

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ३ माघ



पूर्व पश्चिम राजमार्गबाट अर्घाखाँचीको सदरमुकाम सन्धिखर्क जोड्ने गोरुसिंगे-सन्धिखर्क सडक विस्तार तथा मर्मत कार्य तीव्र गतिमा अघि बढेको छ। गोरुसिंगेदेखि सन्धिखर्कसम्म ६८ किलोमिटर सो सडक धेरै ठाउमा साघुँरो, खाल्डा खुल्डी तथा पुरानो पिच भएका कारण जीर्ण बनेकोले फराकिलो बनाउने, नाली निर्माण गर्ने र कालोपत्रे गर्ने गरी काम अगाडि बढेको शिवपुर सडक डिभिजन कार्यलय कपिलवस्तुका सिनियर डिभिजन इन्जिनियर बिबस बाबु सदादेवले जानकारी दिए।

गोरुसिंगेबाट सदरमुकाम सन्धिखर्कसम्म सडकको दुरी ६८ किलोमिटर लामो छ। गोरुसिंगेबाट पिरापानीसम्म १५ किलोमिटर सडक विस्तार तथा मर्मतको कार्य सम्पन्न भएको समेत सडक डिभिजन कार्यलय शिवपुरका प्रमुख सदादेवले बताए। उनका अनुसार बाँकी रहेको सडकमा ५ वटा निर्माण कम्पनीले मर्मत तथा सडक विस्तार र निर्माणको कार्य गरिरहेका छन्।

यस आर्थिक वर्षको अन्त्यसम्ममा झण्डै १८ किलोमिटर सडकमा नयाँ पिच हुने र सडक निर्माण तथा विस्तारको काम समयमै सम्पन्न गर्नका लागि सडकलाई खण्ड, खण्ड गरी निर्माण व्यवसायीसँग ठेक्का सम्झौता भएको डिभिजन इन्जिनियर सदादेवले जानकारी दिए।

सदरमुकाम सन्धिखर्क नजिक रहेको नरपानीदेखि घुम्तीसम्मको सडकमा झण्डै ५ किलोमिटरमा नाली निर्माण तथा कालोपत्रेको काम सिद्धार्थ सुदर्शन बिल्डर्सले द्रुत गतिमा अगाडि बढाइरहेको छ। घुम्तीदेखि फुदवाङसम्मको सडकमा अम्मर लेकाली जेभीका सञ्चालक वसन्त भुसालले कामको जिम्मा लिएर द्रुत गतिमा अगाडि बढाएका छन्। यो काम सम्पन भएपछि झण्डै ५ किमि बाटो सम्पन्न हुने सडक डिभिजन शिवपुरका सबइन्जिनियर नवीन पाण्डेले बताए।

फुदवाङ सन्धिखर्क सडकमा इन्द्र निर्माण कम्पनीले सडक विस्तार तथा मर्मतको काम गरिरहेको छ। यसले झण्डै ४ किमि सडकमा नाली तथा पिचको काम सम्पन्न गर्ने शिवपुर सडकका इन्जिनियर अर्जुन पाण्डेले बताए। हिलेखोलादेखि पत्थरकोटसम्म खनाल निर्माण सेवाले कालोपत्रे तथा नालीको काम गरिरहेको छ। पिरापानीदेखि नरपानीसम्म श्रीकृष्ण कमल निर्माण सेवाले स्टकचर, सेलेभ निर्माण तथा पिचको काम गरिरहेको सडक कार्यलय शिवपुरले जनाएको छ।

अब ७ किलोमिटर सडक निर्माण गरी दुईतर्फी सवारी साधनहरू बिना रोकटोक सञ्चालन हुने गरी सडक निर्माण कार्य भइरहेको डिभिजन इन्जिनियर सदादेवको भनाइ छ। यस आर्थिक वर्षमा झण्डै ३३ करोडको सडक निर्माणको काम भइरहेको छ। तर निर्माण व्यवसायीले घटिघटाउमा ठेक्का हाली योभन्दा कम लागतमा सडक निर्माणको सम्झौता गरी सडक निर्माण कार्य गरिरहेका छन् भने सडक डिभिजन प्रमुख सदादेव बिहानदेखि बेलुकासम्म आफैं सडकमा खटिएर काम गराइरहेका छन्।

गोरुसिंगेदेखि सन्धिखर्कसम्मको सबै सडकलाई राम्रो बनाउनका लागि थप १ अर्बभन्दा बढी बजेट आवश्यक रहेको भन्दै यसै वर्ष नै बजेट व्यवस्थापन गर्नका लागि अर्घाखाँचीका राजनीतिक दल, जनप्रतिनिधिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई ध्यानाकर्षण समेत गराएका छन् भने दलका नेताहरु बजेट माग गर्न काठमाडौं डेलिगेशन नै जाने तैयारीमा छन्।

सडक दुई लेन भएमा अर्घाखाँची सदरमुकामबाट बुटवल पुग्न वा प्रदेश राजधानी भालुबाङ पुग्न जम्मा डेढ घण्टा समय लाग्ने छ। गोरुसिंगे-सन्धिखर्क सडक डबल कटिङका लागि थप रकम माग गर्ने विषयमा मन्त्रालयले पहल गरिरहेकाले अर्थ मन्त्रालयसँग समन्वय गरेर अगाडि बढ्ने प्रकिया अघि बढेको मन्त्रालयका सचिव केशव कुमार शर्माले बताए।

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस Skystar Recruitment Pvt. Ltd. (**श्रम इजाजत पत्र नं. १०७८/०७३/०७४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ।

| सि.नं. | कर्मचारीहरुको नाम | पद |
|---|---|---|
| १ | Bhojraj Pokhrel | PRO |
| २ | Purna Chandra Shrestha | PRO |
| ३ | Dikshya Katuwal | Documentation |
| ४ | Rajana Rai | Documentation |
| ५ | Krishna Maya Tamang | Documentation |

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस MARS MANPOWER SERVICES PVT. LTD. इजाजत पत्र न. १४७१/०७४/०७५ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन। साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

| सि.नं. | नाम | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|
| १. | आशिस बोहरा | २५-९३७७-५५ | मोरङ |
| २. | कमला सुवेदी | ५८४० | काठमाण्डौं |
| ३. | बाल कृष्ण कार्की | ०५२०११/८०१ | सोलुखुम्बु |

**MARS MANPOWER SERVICES PVT. LTD.**
Gov. Lic No. 1471/074/075
Kathmandu, Nepal Tel. No.: 014547013, 9826776133
Web.: www.marsmanpowerservices.com, Email: info@marsmanpowerservices.com


## साउदीमा रोजगार | कम्पनी : SENDAN INTERNATIONAL COMPANY LIMITED
शहर : DAMMAM

पुर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.: ६०२१२७४४ L.T. No.:297690

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 1 | 0 | | 1400 | ४९,५०४ | | | | | | | |
| 3. | Construction Worker | 4 | 0 | | 1000 | ३५,३६० | | | | | | | |
| 4. | Heavy Equipment Driver | 1 | 0 | | 1800 | ६३,६४८ | | | | | | | |
| 5. | Heavy Truck Driver | 1 | 0 | | 1800 | ६३,६४८ | | | | | | | |
| 6. | Scaffolding Labor | 11 | 0 | | 1200 | ४२,४३२ | | | | | | | |
| 7. | Warehouse Worker | 1 | 0 | | 1000 | ३५,३६० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११, १२ र १३ गते (25, 26 & 27 January 2024) मा हुनेछ।

यसै कम्पनिको लागि camp And Catering Helper, Food Server, Office Boy, Paratha Maker, Cook, Fire Watcher, Permit Receiver And Rigger Ii ,iii , Rigging Supervisor Document Controller And Time Keeper को पनि आवश्यक भएको हुनाले ईच्छुक व्यक्तिले सर्म्पक गर्नुहोला।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Asiapower Recruitment Consultants Pvt. Ltd.**
Govt Lic No. 1198/073/074
Budhanilkantha-09, Kathmandu, Nepal.
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com


## एच.डि.सि.एस.- नमुना सामुदायिक अस्पतालको (२५ शैया) को लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) को सार्वजनिक सुनुवाईको लागि आव्हान गरिएको सूचना

**(प्रथम पटक प्रकाशन मिति:२०८०/१०/०४)**

गण्डकी प्रदेश, लमजुङ जिल्ला, एच.डि.सि.एस. - नमुना सामुदायिक अस्पतालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वय गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एच.डि.सि.एस. - नमुना सामुदायिक अस्पताल<br>सुन्दरबजार नगरपालिका वडा नं ६, लमजुङ<br>फोन:+९७७-०६६-४०२१२३<br>इमेल: nchlamjung@gmail=com |
| प्रस्तावको व्यहोरा | गण्डकी प्रदेश, लमजुङ जिल्ला, एच.डि.सि.एस. - नमुना सामुदायिक अस्पताल (२५ शैया) स्तरउन्नति |
| प्रभाव पर्न सक्ने जिल्ला र नगरपालिका | लमजुङ /सुन्दरबजार नगरपालिका वडा नं ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी याकिन गर्नका लागि वातावरणीय सवालबारे राय-सुझाव संकलन गर्नुपर्ने भएकाले स्थानीय जनता, संघ-संस्थाको प्रतिनिधिहरु तथा सरोकारवालाहरु र प्रस्तावक निकायको प्रतिनिधिहरुका बीच संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन बारे सार्वजनिक सुनुवाई निम्न मिति, समय र स्थानमा हुने भएकाले सम्बन्धित सबै सरोकारवाला महानुभावहरुको सहभागिताको लागि अनुरोध गरिन्छ।

**सर्वाजनिक सुनुवाई हुने स्थान, मिति र समयः**
**मिति : २०८०/१०/११, बिहिबार**
**समय : दिउँसो १:०० बजे**
**स्थान : आयोजना स्थल**

| आयोजकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एच.डि.सि.एस. - नमुना सामुदायिक अस्पताल<br>सुन्दरबजार नगरपालिका वडा नं ६, लमजुङ<br>गण्डकी प्रदेश<br>फोन:+ ९७७-०६६-४०२१२३<br>इमेल:nchlamjung@gmail.com | युनिक डिजाइन एण्ड डेभलपमेन्ट ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.,<br>सानेपा, ललितपुर, बागमती प्रदेश<br>फोन नं: ९८५१२०३५८१<br>इमेल: uddec01@gmail.com |


## मलेसियामा रोजगार | १. कम्पनी : BH USAHA (M) SDN BHD
शहर: KUALA LUMPUR

पूर्व स्वीकृत मितिः २०८०/०३/२८ चलानी नं.: ६०२०४५७९ LT. No.: 289245 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६, Email- bluemoonoverseas312@gmail.com

## साउदी र मलेसियामा रोजगार | कम्पनी: TWO MELT CAFE SERVES DRINKS
शहर: Saudi Arabia, Riyadh

पुर्व स्वीकृत मितिः २०८०/०८/०१ चलानी नं.: ६०२१३१०० LT. No.:298004

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 4 | 0 | स. काममा दक्ष | 1300 | ४५,९६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: TWO MELT CAFE SERVES DRINKS शहर: Saudi Arabia, Riyadh
पुर्व स्वीकृत मितिः २०८०/०९/२० चलानी नं.: ६०२१२६५३ LT. No.:297625

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 3 | 0 | स. काममा दक्ष | 1500 | ५३,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: MPC PLUMBING CONSTRUCTION SDN BHD शहर: Malaysia,JOHOR
पुर्व स्वीकृत मितिः २०८०/०५/०१ चलानी नं.: ६०२०६५१८ LT. No.: 291139 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction workers | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ ११ गते (25 January 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
